मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ९२ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ फागुन ५ गते सोमवार (Monday, February 17. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

**सूचना**

- सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# एब अर्ब १२ करोडको योजना उद्घाटन र शिलान्यास

**झापा, फागुन ४।** प्रधानमन्त्री केपी शर्मा ओलीले दमकमा रहेका विभिन्न विकास योजनाको शिलान्यास र उद्घाटन गरेका छन् । आइतवार गृह जिल्ला झापा आएका प्रधानमन्त्री ओलीले कृष्ण मन्दिरदेखि बेलडाँगीसम्मको कालोपत्रे सडक र दमकबाट मोरङको मधुमल्ला जोड्ने मावाखोलामा निर्मित पक्की पुलको उद्घाटन गरे ।

प्रधानमन्त्री ओलीले सङ्घीय सरकारद्वारा निर्माण गरिएको सो सडक र पुलको उद्घाटन गरेका हुन् । छ दशमलव २१ किमी लम्बाइको सडकको लागत रु. चार करोड १६ लाख २२ हजार १५६ रुपैयाँ रहेको छ । सो सडकको निर्माण रोताहा आरके जेभीले गरेको हो । त्यस्तै, दमकलाई मोरङको मधुमल्लासँग जोड्ने पुलको लम्बाइ २५० मिटर रहेको छ । रु. ३० करोड २२ लाख ९१ हजार ७५० लागत रहेको पुल शर्मा लामा स्वच्छन्द जेभीले निर्माण गरेको हो ।

प्रधानमन्त्री ओलीले दमक नगरपालिका-१मा जनता आवासमार्फत निर्माण गरिएका घरको साँचो समेत हस्तान्तरण गरेका छन् । उता प्रधानमन्त्री ओलीले दमक-चिसापानी-रवि कालोपत्रे सडकको शिलान्यास गरे । दमकदेखि दक्षिणी इलाम र पाँचथर जोडिएको सो मार्गमा बन्ने कालोपत्रे सडकको शिलान्यास गरिएको हो । वि.सं. २०४७ देखि शुरु भएको ४७ किलोमिटर लामो निर्माणाधीन सो सडकको तीन खण्ड कालोपत्रेको काम अघि बढेको छ ।



तस्वीर : चिरञ्जीवी घिमिरे

सडक डिभिजन कार्यालय दमकका प्रमुख श्यामकुमार यादवका अनुसार पहिलो चरणमा ६.२९ किमी कालोपत्र रु. २२ करोड ५९ लाख ६४ हजार ६२७ लागतमा बन्नेछ । महालक्ष्मी र किराँतेश्वर जेभीसँग गत २०७५ असार २९मा सम्झौता भएको सो खण्ड आगामी २०७७ पुस २८ गते पूर्णरुपमा कालोपत्रे हुने प्रमुख यादवले बताए । यस्तै १५.२६ किमी दोस्रो खण्डको रु. ५४ करोड ४४ लाख ८७ हजार ६३९ को लागतमा लुम्बिनी र गणपति जेभीले र ११.३० किमी तेस्रो खण्डको सडकको रु. ५९ करोड १५ लाख ३५ हजार ८३४ लागतमा बन्ने जनाइएको छ ।

दमकमा विभिन्न सडकको उद्घाटन र शिलान्यासपछि बोल्दै प्रधानमन्त्री केपी ओलीले देशमा कोही पनि भोकै मर्नुपर्ने अवस्था नआउने बताएका छन् । प्रधानमन्त्री ओलीले नेपाल उर्वरभूमि रहेको भन्दै नेपालजस्तो उर्वर देशमा पशुपन्छी पनि भोकै मर्ने अवस्था नआउने बताए । उनले आफूले दुई लाख रुपैयाँ बराबरको चामल किनेर भण्डारण गरेको भन्दै आवश्यक परेमा वितरण गरिने समेत स्पष्ट पारे ।

प्रधानमन्त्री ओलीले जस्ताको छानो लगाउन जनतालाई सरकारले सहयोग गर्ने भन्दै देशमा कसैको घर खरको छानो भएको हुन नहुने बताए । सुकुम्बासीलाई पनि सरकारले उचित बसोबासको व्यवस्था मिलाउने प्रधानमन्त्री ओलीले आश्वासन दिए ।

## ‘एक हजार पनि घुस खाने ?’



**बिर्तामोड, फागुन ४।** भ्रष्टाचारविरुद्ध सामाजिक अभियन्ता तथा न्यूज २४ टेलिभिजनको सिधा कुरा जनतासँगका कार्यक्रम प्रस्तोता रवि लामिछानेलाई आइतवार झापामा स्वागत गरिएको छ ।

बिर्तामोड उद्योग वाणिज्य संघको नेतृत्वमा झापाका २३ वटाभन्दा बढी संघ- संस्थाले लामिछानेलाई स्वागत गरेका हुन् ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा वीरता लेडी जेसीजकी अध्यक्ष सुष्मा भण्डारी पौडेलले स्वागत गरेकी थिइन् । कार्यक्रममा लामिछानेले आफूले भ्रष्टाचारबिरुद्ध सँधै खवरदारी गरिरहने बताए । उनले जनताले आफूमाथि गरेको विश्वासलाई टुट्न नदिने बताउँदै सँधै जनताको बोली बोलिरहने विश्वास दिलाए ।

कार्यक्रममा बोल्दै पत्रकार लामिछानेले भ्रष्टाचारबिरुद्ध सबै नागरिक जिम्मेवार र सचेत भई खबरदारीमा अग्रसर हुनुपर्ने बताए । ‘सिधा कुरा जनतासँग’ न्यूज २४ टेलिभिजनको कार्यक्रममा कतिपय कर्मचारीले घुस लिँदै गरेका भिडियो क्लीप प्रशारण गर्दा आफूलाई ‘एक हजार घुस

*(बाँकी अन्तिम पृष्ठमा)*

## बिर्ता सिटीले छिनेको हात जोड्यो

### ट्रमाका बिरामी अन्यत्र जानु नपर्ने

**झापा, फागुन ४।** इलामको सूर्योदय नगरपालिका-९ पान्दामका ४२ वर्षीय रेशम राई घरमा नै काम गरिरहेका थिए ।

गत बिहीबार घरको ड्रेसिङ टेबलमा रहेको लुगा निकाल्दा आफ्नो हात छिन्ला भन्ने उनले कल्पना समेत गरेका थिएनन् । तर, ‘हुनेहार दैव नटार’ भने झैं ड्रेसिङ टेबलबाट लुगा निकाल्दा सिसाले उनको दाहिने हात छिनायो ।

रक्ताम्मे अवस्थामा उनी फिक्कल अस्पताल ल्याइए । उपचार असम्भव भएपछि फिक्कल अस्पतालले बिर्तामोडस्थित पूर्ण-टुङ्ग बिर्ता सिटी हस्पिटल रेफर गर्‍यो । अस्पताल आइपुग्दा उनी बेहोस भएका थिए । बिहीबार बेलुका अस्पताल ल्याइए लगत्तै उनको उपचार शुरु गरेको अस्पतालले छोटो समयमा नै उनको खुशी फर्काउन सफल भएको छ ।



अस्पतालमा तीन महिना अघिदेखि कार्यरत अर्थोपेडिक तथा हाडजोर्नी एवम् लिगामेन्ट प्रत्यारोपण विशेषज्ञ डाक्टर रुपेशजंग बेलबासेको टीमले उनको उपचार शुरु गर्‍यो । यस अघि भियनाको अकाह मेडिकल युनिभर्सिटी र भारतको प्रतिष्ठित एपोलो अस्पतालमा कार्य अनुभव बटुलिसकेका डाक्टर बेलबासेले राईलाई तत्काल शल्यक्रिया कक्षमा राखेर उपचार शुरु गरे । राति साढे ११ बजेबाट बिहानको साढे २ बजेसम्म गरिएको शल्यक्रिया र डाक्टरहरुको अथक प्रयासपछि धमनी, शीरा र स्नायु जोडेर राईलाई अपाङ्ग हुनबाट जोगाएका मात्र छैनन्, जीवन पनि दिएका छन् ।

रक्ताम्मे अवस्थामा हुँदा आफ्नो बाँच्ने आशा समेत मारेका राईले यति छोटो अवधिमा यस्तो उपचार पाइएला भन्ने कल्पना समेत गरेका थिएनन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## घरजग्गा बिक्रीमा

बिर्तामोडस्थित सिने प्लाजादेखि अन्धुवा खोला पश्चिम खानेपानी ट्यांकी जाने कोलोपत्रे सडकबाट १०० मिटर पश्चिमपट्टि ४ कोठाको टिनको छाना भएको साढे सात धुर जग्गासहित घर बिक्रीमा छ ।

किन्न इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।

**सम्पर्क नम्बरः ९८४४६४२०९५, ९८१७९९०२९९**

## आवश्यकता

यस भगवती आवास कम्पनी प्रा.लि.द्वारा सञ्चालित पाथीभरा सिने प्लाजामा कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

**पदः** वरिष्ठ मेनेजर– १ जना
**योग्यताः** B.B.S. वा B.A.पास, ३ बर्ष काम गरेको हुनुपर्नेछ ।
**सेवासुविधाः** मासिक २० हजारभन्दा माथि आपसी समझदारीमा
**अन्तरवार्ता मितिः** २०७६।११।१० गते शनिवार

सम्पर्कः **पाथीभरा सिने प्लाजा**, बिर्तामोड, झापा
फोन नं. ९८५२६७२८४९, ९८४२७५०५६६

## सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. खुस्बु अग्रवाल**
MBBS, MS
वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ

**दैनिक सेवाहरुः**
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स–रे सेवा

**नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि बेलुका ५ बजेसम्म ।**
**२४ सै घण्टा इमरजेन्सी सेवा**

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड–१, झापा (०२३–५४४२६०)

## गोर्खा बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड–५, झापा (स्थाः २०६३)
फोन नं. ०२३–५४३७८९, ९८४२७६८२७४

## घर जग्गा बिक्री सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशन मितिः २०७६।११।०५**

यस गोर्खा बचत तथा ऋण सहकारी संस्था लि.को साविक राजगढ–५, बाह्रदशी–२स्थित तपशिल विवरण भएको घर जग्गा बिक्री गर्नुपर्ने भएकोले खरिद गरी लिन इच्छुक व्यक्ति/संस्थाबाट के–कति मूल्यमा खरिद गरी लिन सक्ने हो सोको विवरणसहितको यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी दरखास्त आव्हान गरिएको छ ।

**तपशिल**

१) बिक्री गर्ने घर जग्गाको विवरण–
साविक राजगढ–५, हाल बाह्रदशी–२स्थित गोर्खा बचत तथा ऋण सहकारी संस्था लि.को नाममा रजिष्ट्रेशन रहेको कि.नं. क्रमशः १७०६ र ९११, क्षेत्रफल १६९।४० र ३४८।४० वर्गमिटर भएको इटाको बाल कम्पाउण्डसहितको सो जग्गामा बनेको १ तले ४ कोठे पक्की घर ।
२) न्यूनतम् बिक्री मूल्य ५७९१५०० अक्षरेपी सत्ताउन्न लाख एकानब्बे हजार पाँच सय मात्र ।
३) दरखास्त दिने अन्तिम मितिः २०७६ फागुन २० गतेसम्म ।
४) दरखास्त दिने व्यक्ति वा संघ–संस्थाले अन्तिम मितिको भोलिपल्ट दिनको २ बजे सम्बन्धित व्यक्ति वा संघ–संस्थाको प्रतिनिधिको रोहबरमा प्राप्त दरखास्तको मूल्यांकन गरिनेछ ।
५) अन्य खरिद बिक्री सम्बन्धी सम्झौता सोही दिन अनुसार संस्थाको कार्यालयमा गरिनेछ ।

**सुरेश गौतमः व्यवस्थापक**
**गोर्खा बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड–५, झापा

## सीपी होटल एण्ड पार्टी प्यालेस

थप सुविधासहित हजुरहरुको सेवामा



विशेषताहरुः
१) शान्त रेष्टुरेन्टमा स्वस्थ्य तथा गुणस्तरीय खाना
२) A/C तथा Non A/C रुमहरु
३) विवाह, पार्टी, ब्रतबन्ध, सेमीनार आदिको लागि ५००+ क्षमता भएका २ वटा पूर्ण A/C सहितको पार्टी हल ।
४) पर्याप्त पार्किङ सुविधा
५) पूर्वपश्चिम राजमार्ग अन्तर्गत बिर्तामोड पश्चिम बस स्टेण्डबाट मात्र ५० मिटर दक्षिण

**सीपी होटल एण्ड पार्टी प्यालेस**
बिर्तामोड–१, पश्चिम स्टेण्डबाट ५० मिटर दक्षिण
फोनन ं ०२३–५४४२१७, ९८५२६७१२७०

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।

सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

## दुर्घटनामा दुई जनाको मृत्यु

**मोरङ, फागुन ४।** मोरङको जहदा गाउँपालिका-५ बस्ने ३५ बर्षीय वीरेन्द्र मण्डलको मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको छ।

आइतवार बिहान सवा ९ बजे जहदास्थित भित्री सडक खण्डमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको को३७प ९७४३ नम्बरको मोटरसाइकल र बिपरीत दिशबाट आउदै गरेको को१२प ६२२ नम्बरको मोटरसाइकल एकापसमा ठक्कर खाई सो दुर्घटना भएको थियो। दुर्घटनामा घाइते को३७प का चालक वीरेन्द्र मण्डलको गोल्डेन अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ। दुबै मोटरसाइकल र अर्का चालक सोही स्थानका अभिषेक मण्डल प्रहरी चौकी मझारेको नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ।

यसैबीच मोरङ ग्रामथान-३ रङ्ग टोल बस्ने ५३ बर्षीय हरिलाल माझीको मोटरसाइकलको ठक्करबाट मृत्यु भएको छ।

ग्रामथानस्थित भित्री कच्ची बाटोमा को प ७९६९ नम्बरको मोटरसाइकलले पैदल यात्री माझीलाई ठक्कर दिँदा गम्भीर घाइते भएका थिए। उनको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## खुकुरी प्रहार गर्दा...

**सुनसरी, फागुन ४।** धरान उपमहानगरपालिका-१२ बस्ने २६ वर्षीय शुभराज राई समेत तीन जनालाई खुकुरी प्रहार गर्ने पक्राउ परेका छन्।

उनीहरुलाई घाइते बनाएको अभियोगमा धरान उपमहानगरपालिका-१९ बस्ने ताप्लेजुङ सिम्ले घर भएका २५ वर्षीय मिलन राई आइतबार बिहान पक्राउ परेका हुन्। शुभराज राई समेत तीन जनालाई मिलन राईले खुकुरी प्रहार गर्दा घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। खुकुरी प्रहारबाट घाइते भएकाहरुको घोपा अस्पताल धरान राखिएको र यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## ब्राउन सुगरसहित पक्राउ

**झापा, फागुन ४।** झापा मेचीनगर-६स्थितबाट भारतीय नागरिक ३२ बर्षीय सपन अधिकारी लागूऔषध खेरौहेरोइन ब्राउन सुगरसहित पक्राउ परेका छन्।

शनिवार दिउँसो सीमा क्षेत्रमा चेकजाँच गर्ने क्रममा भारत जलपाईगुढी डिस्ट्रिक धुपगाछी घर बताउने अधिकारीलाई ५ ग्राम लागूऔषध खेरौहेरोइन ब्राउनसुगरसहित पक्राउ गरिएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ।

## तास खेल्ने १७ जना पक्राउ

**काठमाडौं, फागुन ४।** चन्द्रागिरी नगरपालिका-५स्थित खाजा पसलमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने २६ वर्षीय सुमन बलामी लगायत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। उनीहरुलाई नगद १३ हजार ७ सय रुपैयाँ र २ बुक ताससहित पक्राउ गरिएको प्रहरीले जनाएको छ।

उता ललितपुर महानगरपालिका-१४ सातदोबाटो डेरा गरी बस्ने पाँचथर घर भएका ४२ वर्षीया कृष्णकुमारी लिम्बूको कोठामा जुवातास खेलिरहेको अवस्थामा लिम्बूसहित ७ जनालाई नगद १ लाख ११ हजार रुपैयाँ र ३ बुक ताससहित शनिबार साँझ प्रहरीले पक्राउ गरेको थियो।

यसैगरी ललितपुर-१५स्थित सुदन महर्जनको खाजा घरमा जुवातास खेलिरहेको अवस्थामा सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका घर भई हाल सातदोबाटो बस्ने ३७ वर्षीय राजकुमार लामा लगायत पाँच जनालाई नगद १९ हजार ८ सय ३५ रुपैयाँ र ३ बुक ताससहित प्रहरीले पक्राउ गरेको छ।

# मनाङमाथि सतासीधामको जित

**बिर्तामोड, फागुन ४।** सताक्षी गोल्डकपको तेस्रो संस्करणको उद्घाटन खेलमा आयोजक सतासीधाम स्पोर्टिङ क्लबले जित हासिल गर्दै क्वाटरफाइनल यात्रा तय गरेको छ। पाहुना टोली मनाङ मर्स्याङ्दीबिरुद्व १-०को जित निकाल्दै घरेलु मैदानमा आयोजकले विजय यात्रा तय गरेको हो।



झिलझिलेस्थित गणेशमानसिंह अध्ययन प्रतिष्ठान रंगशालामा भएको उद्घाटन खेलमा आयोजकले लिगको तेस्रो स्थानमा रहेको ए डिभिजन क्लब मनाङलाई हराएको हो। खेलको म्यान अफ द म्याच गोलकर्ता मनिष थापा घोषित भए। उनले नगद १० हजार रुपैयाँ पाए। तेस्रो संस्करणको सताक्षी गोल्डकपमा मनाङ मर्स्याङ्दी क्लब, थ्री स्टार क्लब, त्रिभुवन आर्मी क्लब, मछिन्द्र फुटबल क्लब, गोर्खा ब्वाइज फुटबल क्लब, बेलबारी फुटबल क्लब मोरङ, आयोजक टिम र भारत दार्जीलिङको एमएफसीले सहभागिता जनाउने तामाङले जानकारी दिए।

प्रतियोगिताका विजेताले ६ लाख नगद पाउनेछ भने उपबिजेताले ३ लाख पाउनेछ। आर्थिक संयोजक इजमले प्रतियोगिता सञ्चालन गर्न ७६ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको बताए। प्रतियोगिताका म्यान अफ द टुर्नामेन्टको पुरस्कार ५० हजार र हाइ स्कोररलाई २५ हजार नगदै पुरस्कार प्रदान गरिने भएको छ।

त्यस्तै, उत्कृष्ट मिड फिल्डर, फरवर्ड, डिफेन्स, गोलकिपर र उत्कृष्ट प्रशिक्षकको पुरस्कार राशि जनही २० हजार र म्यान अफ द म्याचको पुरस्कार १० हजार रहेको आयोजकले जनाएको छ। सताक्षी गोल्डकपको पहिलो संस्करणको उपाधि नेपाल पुलिस क्लब र दोस्रो संस्करणको उपाधि त्रिभुवन आर्मीले हात पारेका थिए। गोल्डकपको उद्घाटन शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार शेर्माले एक कार्यक्रमकाबीच गरेका थिए।

## गुणात्मक रुपमा पर्यटक भित्र्याउन सुझाव

**काँकरभिट्टा, फागुन ४।** संघीय सांसद सुरेन्द्रकुमार कार्कीले देशमा संख्यात्मक रुपमा भन्दा पनि गुणात्मकरुपमा पर्यटक भित्र्याउनुपर्नेमा जोड दिएका छन्।

झापाको मेचीनगरमा मेचीनगर लेडी जेसीजद्वारा आयोजित 'भ्रमण वर्ष २०२० का चुनौति र हाम्रो उत्तरदायित्व' विषयक अन्तरक्रियामा बोल्दै सांसद कार्कीले ठूलो संख्यामा पर्यटक आए खुशी हुने प्रचलन रहेकोले अब 'क्वान्टीटी' मा नभएर 'क्वालिटी'का पर्यटक भित्र्याउन सबै लागनुपर्ने बताए।

संघीय सरकारले अघि सारेको नेपाल भ्रमण वर्ष २०२० हरेक नेपालीका लागि अवसरसँगै चुनौति भएको बताउँदै उनले नेपाल भ्रमण वर्ष २०२० सफल बनाउनु हरेक क्षेत्रको दायित्व भएकोमा जोड दिए। उनले भ्रमण वर्ष सफल पार्न हामी सबैमा आतिथ्य सत्कारको तालिम आवश्यकता रहेको बताउँदै यसका लागि हरेक पर्यटनका क्षेत्रमा क्रियाशील संघ-संस्था लगायत व्यक्तिलाई स्थानीय सरकार तथा पर्यटक लक्षित संघ-संस्थाले यस्तो तालिमको व्यवस्था गर्नुपर्ने बताए।

त्यस्तै मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना पोखरेल उप्रेतीले अहिले चीनमा देखापरेको नोवेल कोरोनाका कारण केही असर पुग्ने कुरामा चिन्ता व्यक्त गर्दै हरेक मानिस पर्यटक मैत्री बन्नुपर्ने बताइन्। मेचीनगर पर्यटक विकास समितिकी अध्यक्ष समेत रहेकी उप्रेतीले सरकारको अघि सारेको भ्रमण वर्ष २०२० सफल पार्नु सबैको उत्तरदायित्व रहेको बताइन्।

आयोजक संस्थाकी अध्यक्ष तुलसा दंगालले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा जेसीजकी जनसम्पर्क अधिकारी सुभद्रा नेपालले आस्था वाचन गरेकी थिइन्। कार्यक्रमको सञ्चालन महासचिव सुशिला खतिवडाले गरेकी थिइन्।

## बाह्रदशीमा ज्येष्ठ नागरिक भवन

**बिर्तामोड, फागुन ४।** ज्येष्ठ नागरिकलाई सम्मान गर्दै उनीहरुका अनुभव आदान-प्रदान गर्दै सभ्य समाज निर्माण गर्ने उद्देश्यले बाह्रदशी गाउँपालिका-१ भागुडुब्बामा ज्येष्ठ नागरिक भवन निर्माण शुरु गरिएको छ।

एक करोड ३६ लाख रुपैयाँको लागतमा निर्माण गरिने ज्येष्ठ नागरिक भवन दुईतले हुनेछ। जहाँ ज्येष्ठ नागरिकका लागि पुस्तकालय समेत रहने छ। धार्मिक पुस्तकहरु संग्रहित गरेर बस्ने व्यवस्थासहित तयार गरिने ज्येष्ठ नागरिक भवनको बैशाखसम्ममा उद्घाटन गरिने बाह्रदशी गाउँपालिका-१का अध्यक्ष शम्भुसिंह राजवंशीले जानकारी दिए।

शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयको आर्थिक सहयोगमा निर्माण गरिने भवन स्थानीय दाताले जग्गा प्रदान गरेसँगै निर्माण कार्य शुरु भएको थियो। चालू आर्थिक वर्षमै उद्घाटन गरी गाउँपालिकाकै नमूना ज्येष्ठ नागरिक भवनका रुपमा विकास गरेर लगिने राजवंशीले बताए।

सभाहल, किचन, डाइनिङसहित निर्माण गरिने भवनमा चार वटा गेष्ट रुम समेत रहनेछन्। पर्याप्त पार्किङको व्यवस्था तयार गरिएको भवन सम्पन्नसँगै ज्येष्ठ नागरिकका लागि हरेक दिन भजन कीर्तनसहित धार्मिक सभा गरिने राजवंशीको भनाइ छ।

भवन निर्माणका लागि स्थानीय समाजसेवी पदमबहादुर थापा र पूर्णमाया थापाले एक-एक कठ्ठा जग्गा निःशुल्क प्रदान गरेका छन्। यो सँगै भवन निर्माण शुरु भएको र बाह्रदशी गाउँपालिकाभरिका ज्येष्ठ नागरिकलाई फ्रि वाइफाइको व्यवस्था गर्दै देश-विदेशमा रहेका आफन्तसँग भिडियो च्याटमार्फत कुराकानीको व्यवस्था मिलाउने तयारी भइरहेको वडाध्यक्ष राजवंशीले बताए।

'भागुडुब्बामा निर्माण गरिएको ज्येष्ठ नागरिक भवन बाह्रदशी गाउँपालिकाकै गौरवको योजना हो' -वडाध्यक्ष



राजवंशीले भने- 'शिक्षा, स्वास्थ्य र सुरक्षामा विशेष जोड दिँदै आएको बाह्रदशी गाउँपालिका वडा नं. १ले ज्येष्ठ नागरिकको सम्मानका लागि प्रदेश सरकारको सहयोगमा ज्येष्ठ नागरिक भवन निर्माण गर्दैछ।

ज्येष्ठ नागरिक भवनमा गाउँपालिकाभरिका ज्येष्ठ नागरिकलाई भेला गराइ रामायण, गीता लगायतका धार्मिक ग्रन्थ पाठ गर्ने व्यवस्था मिलाइने र धार्मिक पुस्तकालयको व्यवस्था गर्दै भजन कीर्तनको समेत आयोजना हुनेछ। ज्येष्ठ नागरिकलाई सम्मानस्वरुप वडा कार्यालयले नै खाजानास्ताको समेत व्यवस्था गर्ने र उनीहरुलाई बाद्यबाधनको समेत व्यवस्था मिलाइने वडा कार्यालयको लक्ष्य रहेको राजवंशीले बताए।

### एक हजार...

खाएको पनि किन प्रशारण गरेको ?' भनेर प्रश्न आउने गरेको स्मरण गर्दै लामिछानेले भने- 'तिनीहरुलाई मेरो प्रतिप्रश्न छ- एक हजार पनि घुस खाने ?' उनले वास्तविक आवाजविहीनहरुको आवाज सञ्चारमाध्यमको हेडलाइन हुनुपर्नेमा जोड दिए।

त्यस अवसरमा नेपाल उद्योग वाणिज्य संघ प्रदेश नम्वर १ का सदस्य बलराम कार्की, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरी लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन सामाजिक अभियन्ता जीतेन्द्र कार्कीले गरेका थिए।

## महिलालाई आत्मनिर्भर बनाउँदै 'गोपाल गौरी'

**बिनोद सापकोटा**

**शिवसताक्षी, फागुन ४।** वेरोजगार समस्या समाधान गर्न र समृद्ध समाज निर्माणका लागि स्थापित गोपाल-गौरी दीगो विकास प्रतिष्ठान झापाले अतिविपन्न र शारीरिक अपाङ्गता भएका नागरिकका लागि रचनात्मक काम शुरु गरेको छ।

झापाको झिलझिलेमा शाखा कार्यालय स्थापना गरेर समाज रुपान्तरणको अभियानमा नेपाल सरकारलाई साथ दिएको सो संस्थाले जनाएको छ। वेरोजगार, एकल, शारीरिक अपाङ्गता भएका महिला र घरपरिवारबाट तिरस्कृत महिलाका लागि प्रतिष्ठान स्थापना भएको हो। ०७४ सालमा स्थापना भएको संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा रहेको छ। झापा र इलाममा शाखा विस्तार गरेको संस्थाकी केन्द्रीय अध्यक्ष इन्दिरा गौतमले वताइन्।

झापाको शिवसताक्षी नगरका २० जना महिलालाई ढाकाको सिलाइवुनाइ तालिम प्रदान गरिएको छ। एक वर्ष अवधिको तालिममा सहभागी १७ जनाले सिटिईभिटीको परीक्षा दिएका थिए। त्यसमा १४ जनाले उत्तीर्ण गरेका छन्। उत्तीर्ण १४ जना महिलालाई प्रमाण-पत्र प्रदान गर्दै संस्थाले तान प्रदान गरेको छ। प्रतिष्ठानकी केन्द्रीय अध्यक्ष गौतमका अनुसार तान पाएका सवैले यतिवेला घरैमा बसेर मासिक २० हजारसम्म आम्दानी गर्न थालेका छन्।

यस्तै सिलाइकटाइ तालिम पनि प्रतिष्ठानले २० जना महिलालाई निःशुल्क प्रदान गरेको थियो। सो तालिममा सहभागीलाई सिटिईभिटीले लिएको परिक्षामा १५ जनाले उत्तीर्ण गरी लेवल ए को प्रमाण-पत्र पाएको प्रतिष्ठानले जनाएको छ। संस्थाले उनीहरुलाई ७ वटा मेसिन प्रदान गरी आत्मनिर्भर बनाएको छ। सिलाइकटाइ तालिमबाट प्राप्त सिपले शिवसताक्षी नगरका ३० महिलाले दैनिक आय-आर्जन शुरु गरेका छन्। उनीहरुको मासिक आम्दानी कम्तीमा २० हजार रहेको प्रतिष्ठानका झापा अध्यक्ष भद्रदुमी राईले जानकारी दिइन्।

प्रतिष्ठानले कम्तीमा १०० जनालाई आजीवन सदस्यता प्रदान गरेको छ भने साधारण सदस्य ५०भन्दा बढी रहेका छन्। प्रतिष्ठानकी केन्द्रीय अध्यक्ष गौतमले संस्थालाई दीगो बनाउनका लागि आफ्नै श्रोतबाट २६ कट्ठा जग्गा प्रदान गरेकी छन्।

उनले प्रदान गरेको जग्गा झापा र इलाममा छ। झापा निर्वाचन क्षेत्र नम्बर ४ प्रदेश १का सांसद झलकबहादुर दर्लामी मगरले गोपाल गौरी-दीगो विकास प्रतिष्ठान नेपालले समाज सुधारका लागि अनुकरणीय काम गरिरहेको बताए। नेपालमा हजारौंको संख्यामा गैह्रसरकारी संस्था चलायमान छन् तर गोपाल-गौरीको जस्तो समाजकै लागि भनेर स्थापित संस्था कमै छन्।

शनिवार एक कार्यक्रमकाबीच सांसद मगरले तालिममा सहभागीलाई प्रमाण-पत्र प्रदान गरेका थिए। झापा शाखाका अध्यक्ष राईको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाको सफलताको कथा र चुनौतिका वारेमा केन्द्रीय अध्यक्ष गौतमले जानकारी गराएकी थिइन्।

संस्थाका सचिव गणेश घिमिरेले सञ्चालन गरेको कार्यक्रममा शिवसताक्षी नगरकी उपप्रमुख भोजकुमारी नेपाल, ८ नम्बर वडाका अध्यक्ष केहरसिंह बस्नेत, १० नम्बर वडाका अध्यक्ष कर्णबहादुर थापा, सतासीधाम जेसीजका पूर्वअध्यक्ष महेन्द्र भट्टराई , सिटिईभिटी प्रतिनिधि होमनाथ अधिकारी लगायतले शुभकामना मन्तव्य राखेका थिए।

### बिर्ता-सिटीले ...

तर, यसअघि आफ्ना परिवारका अन्य सदस्यहरुको सफल उपचार भएकाले आफूले बेहोसी अवस्थामा नै बिर्ता सिटी लैजान भनेको राईले बताए।

राईको हातको टेन्डेन, नर्भ, सबै काटिएको र हड्डी बाहेक आधा, मुख्य रक्तनली नै छिनेको अवस्थामा आफूले उपचार शुरु गरेको डाक्टर बेलबासेले बताए। उनले भने- न्यूरो सेवा समेत सञ्चालनमा रहेका कारण राईको उपचार सम्भव भएको हो। आधुनिक उपकरण र दक्ष जनशक्तिका कारण बिर्तासिटीले बिरामीको सफल उपचार गरेको हस्पिटलका व्यवस्था निर्देशक आनन्दकुमार बस्नेतले बताए। उनले भने- सस्तो र भरपर्दो उपचार गर्ने बिर्ता सिटीले धेरैलाई नयाँ जीवन दिएको छ।

बिर्ता सिटीले छिनेको हात जोड्न सफल भएपछि उपचाररत् राईले आफ्नो उपचारमा संलग्न डाक्टरहरुलाई धन्यवाद दिएका छन्। उनलाई सोमबार डिस्चार्ज गर्ने बताइएको छ। अस्पतालले अर्थोसजरीतर्फ मात्रै हालसम्म चार हजार पाँच सय ३० जनाको सफल शल्यक्रिया गरेको अस्पतालका प्रशासक बिनोद बस्नेतले जानकारी दिए। अस्पतालले छोटो समयमा नै बिरामीको मन जित्न सफल भएको बताइएको छ। अहिले झापासहित इलाम, पाँचथर, ताप्लेजुङ, मोरङ, सुनसरी र तेह्रथुम लगायतका स्थानबाट समेत उपचारका लागि बिरामी आउने गरेको बताइएको छ। अस्पतालमा दैनिक चार सय बिरामी उपचारका लागि आउने गरेको प्रशासक बस्नेतले बताए।

**ट्रमा सेन्टरमा विकसित बिर्तासिटी**

बिर्तामोड-१मा रहेको पूर्ण-टुङ्ग बिर्ता सिटी अस्पताल ट्रमा सेन्टरको रुपमा विकसित भएको छ। ट्रमा सेन्टरका लागि आवश्यक पर्ने न्यूरो, अर्थोपेडिक, जेनरल र गाइनो सर्जनको सेवा उपलब्ध भएपछि अस्पताल ट्रमा सेन्टरको रुपमा समेत विकसित भएको अस्पतालका व्यवस्था निर्देशक बस्नेतले जानकारी दिए। उनले भने- पहिला ट्रमाका बिरामीहरुको प्राथमिक उपचार मात्र गरिन्थ्यो भने न्यूरो उपचार सेवा सञ्चालन भएपछि पूर्ण उपचार गर्न थालिएको छ। अब ट्रमासंग सम्बन्धित बिरामीहरुले अन्त कतै जानुपर्दैन - बस्नेतले भने। दिनहुँ जस्तो हुने सवारी दुर्घटना तथा अन्य स्पाइनल ईञ्जुरी लगायतका बिरामीले अब अन्यत्र जानु नपर्ने बस्नेतले बताए। सर्वशुलभ दरमा उपचार गरिने भएकाले सबै बिरामीको पहुँच बिर्ता सिटीमा रहेको बताइएको छ।

गत मंसीर २१ गते बिर्तामोड-८का २२ वर्षीय भूपेन्द्र श्रेष्ठ डोजरले किचेर गम्भीर घाइते भएका थिए। उनलाई तत्काल बिर्ता सिटी अस्पताल ल्याइयो। मेरुदण्डको हड्डी भाँचिएको, नशा च्यापिएको अवस्थामा उपचार शुरु गरेको ८ दिनपछि श्रेष्ठ हिँडेर घर फर्किएका थिए। स्पाइनल इञ्जुरी भएका व्यक्तिको उपचार गरेर अरुको सहारा बिना नै हिंड्न सक्ने बनाएर अस्पतालले ट्रमा सम्बन्धी बिरामीको मन जित्न सफल भएको छ।


**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०७६ साल पुस २५ गते बिर्तामोडबाट भद्रपुर जाने क्रममा मेरो कक्षा ११, १२को सि.नं. ९१०००८७०(२०७१)को माइग्रेसन सर्टिफिकेट हराएकोले फेला पार्नुहुने महानुभावले निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**नामः दीक्षा बस्नेत**
**ठेगानाः बिर्तामोड-५, झापा**
**सम्पर्कः ९८२३४७०५५२**

**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल**

**सँधियार नाममा जारी गरिएको सात दिने सूचना**

अर्जुनधारा नगरपालिका वडा नं. ११ का रुपा गुरुङले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल
१) पूर्वतर्फ श्री रोशन दाहाल
२) पश्चिमतर्फ श्री बाटो
३) उत्तर तर्फ श्री अर्जुन गुरुङ
४) दक्षिणतर्फ श्री बाटो

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-११ | ४२३० | ०-१-१-० | २०७६।१०।१० | २०७६।११।०४ | २०७६।११।०५ |

**पसल बिक्रीमा**

बिर्तामोड नयाँ बसपार्कस्थित कान्तिपुर ड्राइभिङ स्कुलको उत्तरमा चालू अवस्थामा रहेको के.एन.पी. जापान नेरोल्याक पेन्ट्सको डिलर बिक्रीमा रहेकोले लिन इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

फोन नं. ९८५२६७१७३७, ९८१७९७२०३७, ९८१४९१४२०५

**कर्मचारी आवश्यकता**

यस सेतो गुराँस बाल विकास सेवा झापाको लागि दक्ष इमान्दार र लगनशिल कर्मचारीहरुको आवश्यकता परेकोले योग्य र इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

**उम्मेदवार**

**१) अनुगमन कर्ता :** २ जना (८ महिनाको लागि मात्र। २०७६ फाल्गुण १५ बाट २०७७ कार्तिक १५ सम्म।)
**योग्यता :** शिक्षा शास्त्र संकायमा स्नातक तह उत्तीर्ण गरेको। झापा जिल्लाको स्थानीय वासिन्दा।
**अनुभव :** सामाजिक सेवा तथा शिक्षा क्षेत्रमा ३ वर्ष वा सो भन्दा माथि अनुभव भएको।
**तलव स्केल :** २५०००।- प्रति महिना
**निवेदन दस्तुर :** रु. ३००।- (फिर्ता नहुने गरी)
**कार्यक्षेत्रः** झापा सेतो गुराँस वाल विकास सेवा लगातार फिल्ड भिजिट अनुगमन र रिपोर्ट पेश गर्नुपर्ने। मोटरसाइकल लाइसेन्स अनिवार्य हुनुपर्ने।

**२) लेखा अधिकृत :** १ जना (आंशिक) महिनाको ७ दिन मात्र काम गर्नु पर्ने।
**योग्यता :** वी.वी.एस. उत्तीर्ण, लेखा सम्वन्धी अनुभव प्राप्त।
**तलव स्केल :** ७५००।-
**निवेदन दस्तुरः** रु. २०० मात्र। (फिर्ता नहुने गरी)
**दर्खास्त दिने अन्तिम मिति :** २०७६ फाल्गुन १५
**लिखित परीक्षा र अन्तरवार्ता :** २०७६ फाल्गुन १६
**उमेर :** २५ देखि ४० बर्ष सम्म।

इच्छित उम्मेदवारहरुले आफ्नो वैयक्तिक (वायोडाटा)सहित निवेदन-पत्र, शैक्षिक योग्यताका प्रतिलिपि, अनुभवका प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपिसहित सम्बन्धित कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। निवेदन हस्त लिखित हुनुपर्नेछ।

***नोटः महिला, पिछडिएका वर्ग एवम् दलित तथा योग्य उम्मेदवारलाई छनौटमा प्राथमिकता दिइनेछ।***

सम्पर्क : **सेतो गुराँस वाल विकास सेवा झापा**
विर्तामोड-१ (वडा नं. १को कार्यालय नजिकै उत्तरतर्फ)
सम्पर्क नं. ०२३-५४१५०६, ९८४२६९९६५२, ९८४२६४०५१३ , ९८४२७५६८०३

**अब दैनिक भिडियो एक्स-रे सेवा**

हाम्रा अन्य दैनिक सेवाहरुः
ओपीडी सेवा
डिजिटल एक्स-रे सेवा
प्याथोलोजी (Lab) सेवा)
फार्मेसी सेवा

**अर्जुनधारा डाइग्नोनिष्टक सेन्टर**
अर्जुनधारा नगरपालिका-८, शनिश्चरे बजार (झापा)
सम्पर्कः ०२३-४६५०९७, मो. ९८४२६२३३७३, ९८०६०६२०१०

**आकर्षक घडेरी बिक्रीमा**

साविक शनिश्चरे-३ हाल अर्जुनधारा नगरपालिका-९ पशु हस्पिटल पूर्वपट्टि ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा ब्यापारिक प्रयोजनका लागि अति उपयुक्त, १६ धुरदेखि २५ घरसम्मका भिट्टाहरु सुपथ मूल्यमा विक्रीमा रहेको जानकारी गराइन्छ। इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला।

नोटः बाटोको भाग पिचको बीच भागबाट ५२ फिट कट्टा गरी दिइन्छ।

**सम्पर्कः एनआईसी एशिया बैंक, शनिश्चरे शाखा भएको भवन**
**मोवाइल नम्बरः ९८४२६२४१५०, ९८१७०२१८५५**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# प्रतिवादको बल जागृत होस्

**वैदेशिक रोजगारी हिजोआज अनिवार्य जस्तै भएको छ । यसको मोहले गाउँ रित्ता छन् । क्षमतावान जनशक्तिको पलायनका कारण मलामी समेत नहुने अवस्थामा पुगेका गाउँहरु बालबालिका र वृद्धवृद्धाहरुको वासस्थल मात्र हुन थालेको छ । भौतिक वस्तुको आकर्षण, लोभ, अज्ञानता र केही गरिबीका कारण रित्तिएका गाउँबस्तीहरुलाई भरिभराउ पार्नु पर्छ भन्ने जिम्मेवार संस्थाहरुले कल्पना पनि गरेका छैनन् । अझ विगतमा तिर्नुपर्ने शुल्क तिर्नु नपर्ने भनेर विदेश पलायनको सपनालाई 'मलजल' गर्ने काम गरिँदैछ । देश र जनताको अभिभावक र संरक्षक भनिने सरकारको यस्तो नीतिका कारण विदेश मोह अरु बलियो भएको छ ।**

**श्रम बेच्न जाने युवाहरु कतिपय वक्सामा बन्द भएर आएका छन् । कतिपय अङ्गभङ्ग र असाध्य रोग बोकेर रित्तो हात फर्किएका पनि छन् । दुई–चारको जीवनस्तरमा आएको परिवर्तनलाई प्रेरणा मानेर विदेशिनेहरुको होडमा कति घरपरिवार विखण्डित भएका छन् भने नेपाली समाजको सांस्कृतिक एवम् मौलिक विशिष्टता कमजोर हुँदैछ । यो सँगै युवती र महिलाहरुले भोग्नु परेको पीडा, अस्मिताको जोखिम र अनिश्चित जीवन भोगाइका कहालीलाग्दा तस्वीरले सरकार र सम्बन्धित पक्षलाई थोरै पनि छोएको छैन । यही समय बेचबिखन र हिंसामा पारिएकी सिन्धुपाल्चोककी एक युवतीले वैदेशिक रोजगारको कष्टकर भोगाइ र अनुभूतिहरुलाई सार्वजनिक गरेकी छन् । उनको जीवनको भोगाइको यथार्थ तस्वीरले वैदेशिक रोजगारको यात्राका लागि तम्तयार युवती र महिलाहरुको अन्तरमनलाई चिमोट्नु पर्दछ, सचेत गराउनु पर्दछ ।**

**लैङ्गिक समानताको ब्याख्या र विश्लेषण जतिसुकै गरिए पनि प्राकृतिक रुपमै यी दुईका बीच समानता हुन सक्दैन । पुरुषले महिलाका केही नितान्त बेग्लै पीडा र भोगाइहरुलाई अनुभूत गर्न सक्दैन । बराबरी केवल शब्दको मोहजाल मात्रै हो । त्यसभित्रको गुण, विशेषता, भिन्नता र अवस्थालाई न तुलना गर्न सकिन्छ न त बोध गर्न नै । सिन्धुपाल्चोककी युवतीको पीडा उनको नितान्त निजी अनुभूति होइन । उनी केवल प्रतिनिधि हुन् वैदेशिक रोजगारमा गएका महिलाहरुको । 'तँ चुप, मँ चुप' को अवस्थाले गुम्सिएको र अहिले सार्वजनिक भएको यो सत्यले हाम्रा प्रतिनिधि संस्था, पात्र र सरकारमा रहेकाहरुको मन र बुद्धिको ढोका खुल्नु पर्दछ ।**

**विदेशको आकर्षणले जुनसुकै बाटो, जुनसुकै माध्यम र जस्तोसुकै परिस्थिति पनि व्यहोर्न तयार हाम्रो मानसिकता पनि दोषी हुन सक्छ । अनुचित फाइदा उठाउने, स्वार्थ पूरा गर्ने व्यक्ति वा समूहले आश्वासन दिएको भरमा सम्पूर्णता ठान्ने सोचलाई सरकार र सम्बद्ध पक्षले बदल्नु पर्दछ । यसका लागि स्वदेशमै रोजगारीको अवसर सृजना गर्नुपर्छ । सिप, कला, क्षमताको विकास गर्दै सशक्तिकरणका माध्यमबाट आफ्नै माटोमा सृजना गर्न सकिन्छ भन्ने भावना बलियो बनाउनु पर्दछ । अनुचित बाटो हिँड्नेहरुका विरुद्ध प्रतिवाद, प्रतिकार र प्रतिरक्षा गर्ने आत्मबल जगाइनु पर्दछ । अन्यथा नियमितता जस्तै भएको विश्रृंखलित समाज व्यवस्थामा सुधार आउन सक्दैन ।**



तीर्थराज खरेल

# देश विकासमा कार्य संस्कृतिको महत्व

हामी विकसित हुन चाहन्छौं र संसारका विकसित देशका सामु नेपाली हुनुको पहिचान स्थापित गर्न चाहन्छौं । कुनै पनि परिवार, समाज, समुदाय र मुलुकका विकासमा प्रभाव पार्ने धेरै तत्वहरु हुन्छन् । चेतनाको स्तर, प्रविधिको उपलब्धता र प्रयोगको स्थिति, भौगोलिक अवस्थिति, राजनीतिक व्यवस्था, हावापानीको अवस्था, जमिनको उर्वरता आदिलाई विकासमा प्रभाव पार्ने तत्वका रुपमा लिन सकिन्छ, तर यी सबैभन्दा महत्वपूर्ण कुरा भनेको त्यो देशका जनताको कामप्रतिको लगाव वा कार्यसंस्कृति हो । समाज विभिन्न सामाजिक एकाइहरुको योग हो, मानवीय जीवनका महत्वपूर्ण अवयवहरू विवाह, परिवार, नाता आर्थिक, सामाजिक, धार्मिक संस्थाहरू, भौतिक तथा अभौतिक संस्कृतिका विभिन्न पक्षहरू आदिको कार्यात्मक सम्बन्ध नै समाज हो । समाजका मानिसहरूको जीवन पद्धतिको तरिका नै संस्कृति हो ।

समाजमा विकसित भएका सामाजिक मूल्य-मान्यता, परम्परा, धर्म, शैली, उत्पादनको तरिका, प्रविधि लगायतको सम्पूर्ण भौतिक तथा अभौतिक स्वरूपलाई संस्कृति भन्न सकिन्छ । संस्कृति मानवले आफ्नो दैनिक कार्य प्रक्रिया र त्यो प्रक्रिया पूर्ति गर्नका लागि विकास गरेको मूल्य मान्यता, प्रथा, भाषा, रीति-रिवाज, मानवीय व्यवहारको कला, सामाजिक विचार, धार्मिक ढाँचा आदिको समग्रता हो जुन अजैविक हुन्छ र समाजमा हस्तान्तरित हुन्छ । त्यसैले कुनै राजनीतिक व्यवस्था परिवर्तन हुँदा विकासका लागि सकारात्मक वातावरण निर्माण हुन सक्छ । तर, राजनीतिक व्यवस्थामा हुने सकारात्मक रुपान्तरणले विकास-निर्माणमा सकारात्मक प्रभाव पार्न सक्दछ, तर त्सले मात्र विकासको ग्यारेण्टी हुन सक्दैन । त्यो समाज, जनता र मुलुकको काम गर्ने संस्कृति कस्तो छ भन्ने कुरा सबैभन्दा महत्वपूर्ण हुन्छ ।

नेपालमा सांस्कृतिक विविधतायुक्त देश हो । हामी र हाम्रो समाज बहुल समाज हो । जसका कारण विविधतापूर्ण सांस्कृतिक विशेषताहरूले नेपाललाई सम्पन्न बनाएको छ । विविधतायुक्त भूगोल, भूगोल अनुसारको विभिन्न जातजातिको बसोबास साथै १२५ जाति र झण्डै १२३ भाषाको धनी राष्ट्र नेपाललाई सांस्कृतिक विविधतालाई उचित रूपमा व्यवस्थापन गर्ने प्रयास २०४७ को संविधानबाट थालनी भएको देखिन्छ । वि.सं. २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन पछि सहभागितामूलक समावेशीकरण एवम् पहिचान लगायतका नीतिहरूको संवैधानिक व्यवस्था भई व्यावहारिक अभ्यास गरिरहेको छ । पहिचानको संकटबाट गुज्रिनु परेमा मुलुकका नागरिकबाट मुलुकले ठूलो आशा गर्न सक्दैन । तर, आजको युगमा जातीय, भाषिक, क्षेत्रीय विभेदको अन्त्य गरेर मात्र हुँदैन, हामीमा रहेको कार्यसंस्कृतिलाई सकारात्मक दिशातर्फ उन्मुख गराउन पनि जरुरी छ । कार्यसंस्कृतिको यथोचित विकास र प्रबर्द्धनबाट कार्यदक्षता, उत्पादन र उत्पादकत्वमा वृद्धि हुन्छ । वस्तु र सेवामा हुने गुणात्मक वृद्धिका कारण कुनै पनि संगठन, कम्पनी वा मुलुकको समग्र जीवनमा आशातीत सफलता प्राप्त हुन्छ । कार्यसंस्कृति विभिन्न पक्षहरूबाट प्रभावित हुने गर्दछ । प्रविधिको अधिकतम विकास र प्रयोग, बढ्दो शहरीकरण, बसाइ सराइ, राष्ट्रिय र अन्तर्राष्ट्रिय सांस्कृतिक अतिक्रमण, मूल्य र मान्यताहरूमा आएका परिवर्तन, बहिष्करण र वञ्चितीकरण, भाषाको प्रयोगको अवस्था आदिले कार्यसंस्कृतिमा सकारात्मक वा नकारात्मक प्रभाव पार्दछ ।

स्वच्छ, समावेशी लोकतन्त्रको अभ्यासद्वारा सहभागिता, समावेशीकरण एवम् विविधता र विरोधी विचारधाराप्रति सहिष्णुता कायम गरी बहुसांस्कृतिक समाजको सामाजिक र राजनीतिक समानताको निश्चितता गर्न सांस्कृतिक स्वतन्त्रता र समानता कायमका माध्यमद्वारा सांस्कृतिक र सांस्कृतिक सम्पदाको संरक्षणको माध्यमद्वारा साधन, स्रोत माथिको अवसर र न्यायिक बाँडफाँडबाट र सामाजिक न्याय, मानव अधिकार, स्वतन्त्रतता कायमको माध्यमद्वारा कार्यसंस्कृतिको बढावाका लागि जनतालाई उत्प्रेरित गर्न सकिन्छ । सामाजिक, सांस्कृतिक रुपले नेपाली समाज एक जीवित संग्रहालय हो, संस्कृति एउटा समाजबाट अर्को समाजमा, एउटा व्यक्तिबाट अर्को व्यक्तिमा र एउटा पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै जान्छ, यो निरन्तर बनिरहन्छ र परिवर्तन र परिष्कृत पनि हुँदै जान्छ । कार्यसंस्कृति रातारात हुने कुरा होइन । यसको राम्रो उदाहरण जापान, अमेरिका, कोरिया, कतार आदि देशहरुमा नेपालीहरु रोजगारका लागि जान्छन् र इमान्दार कामदारका रुपमा छवि बनाएर फर्कन्छन् । ती देशमा काम गर्ने, मेहनत गर्ने संस्कृति छ । कार्यसंस्कृति भनेको २४ सै घण्टा काममा दलिरहने र मानवीय स्वतन्त्रताको हरण गर्ने कदापि हुन सक्दैन । तोकिएको समयावधिमा कडा परिश्रम गर्ने र फुर्सदको समयमा आराम र मनोरञ्जन गर्ने भन्ने बुझिन्छ । 'राजा जस्तो खाऊ, गधा जस्तो काम गर' कार्यसंस्कृतिको मूल मर्म हो । थोरै समय, थोरै लगानी, थोरै समयमा धेरै काम गर्न सक्ने हो भने उत्पादन र उत्पादकत्व दुवै बढ्छ । विकसित देशहरुमा दैनिक ८ वा १० घण्टा काम गरेर मात्र सक्षम नागरिक आफूलाई सुयोग्य नागरिक ठान्दछ । तर, तिनै नेपालीहरु नेपालमा फर्केपछि वेरोजगार बनेर, कतिपय त आपराधिक काममा पनि सरिक हुने गरेका धेरै उदाहरणहरु छन् ।




एउटा पूर्ण संगठनका लागि उद्देश्य संरचना अधिकार कामको विभाजन, प्रभावकारी संचारको व्यवस्था र कार्यसंस्कृति आवश्यकता पर्छ । संगठनमा कार्यरत मानिसका अन्तरनिहित भावना, दृष्टिकोण विश्वास र व्यवहारको अध्ययन गरी कमी-कमजोरी सुधार गर्ने विषय नै संगठनात्मक व्यवहार हो । संगठनमा आबद्ध मानिसको व्यक्तिगत, समूहगत र संगठनात्मक क्रियाकलायको अभिव्यक्ति र अभ्यास नै संगठनात्मक व्यवहार हो । संगठनमा काम गर्दा मानिसले कस्तो व्यवहार देखाउँछन् ? त्यस्तो व्यवहार किन देखाउँछन् ? त्यस्तो व्यवहारबाट संगठनमा कस्तो प्रभाव पर्दछ भन्ने सम्बन्धमा संगठनात्मक व्यवहारमा अध्ययन गरिन्छ । संगठनमा रहेर मानिसले देखाउने व्यवहार नै संगठनात्मक व्यवहार हो । यसले मानिसको व्यवहार र कार्यशैलीको विश्लेषण अनुमान र नियन्त्रणको वर्णन गर्छ । संगठनमा कार्यरत मानिस, समूह तथा संरचनाले देखाउने संयुक्त व्यवहार नै संगठनात्मक व्यवहार हो र कार्यशैलीले निर्क्योल गर्छ । कार्यसंस्कृतिले मानिसलाई लक्ष्य प्राप्तिमा प्रभावकारी रूपमा लगाउन सहयोग पुऱ्याउँछ, यसले संगठनको दिशा वा गतिबारे जानकारी दिन्छ, कर्मचारीका अपेक्षा र उत्प्रेरणाको स्तरको जानकारी हुन्छ । कार्यसंस्कृतिले सेवाग्राही र सहकर्मीसँगको व्यवहारबारे जानकारी हुन्छ । परिवर्तनलाई आत्मसात् र व्यवस्थापन गर्न सजिलो हुन्छ ।

कार्यसंसकृति परन्तुमा सामाजिक प्रणालीको रुपमा विकास हुन्छ । यसले झट्ट हेर्दा राज्य वा मालिक पक्षलाई फाइदा हुने देखिए पनि वास्तवमा कर्मचारी वा श्रमिकलाई नै फाइदा पुग्दछ । कार्यसंस्कृति सामाजिक जीवन हुने गर्छ । यसले कार्य सम्पादन र प्रभावकारितामा प्रभाव पार्दछ । कार्यसंस्कृतिको वढावाले नेतृत्वको क्षमता बढाउन, द्वन्द्व व्यवस्थापन गर्न, संगठनको प्रभावकारिता बढाउन, संगठनात्मक व्यवहारमा नवीन प्रवृत्तिको वीजारोपण गर्न, नतिजामुखी कार्यशैलीको विकास गर्न सहयोग पुऱ्याउँछ । संगठनप्रति कर्मचारीको अपनत्व बढाउन र बनाइएका योजना कार्यान्वयनमा कार्यसंस्कृतिको महत्वपूर्ण भूमिका हुन्छ । कार्य संस्कृतिको विकास संगठनको मूल्य, मान्यता, विश्वास, आचरण र कार्य वातावरणमा निर्भर रहन्छ । संगठन र व्यक्तिका मूल्य, मान्यता, कार्यशैली, व्यवहार, संस्कार र अभिव्यक्तिको समष्टिलाई संगठनको कार्य संस्कृति भनिन्छ । यसले संगठनलाई नियन्त्रित, निर्देशित र सञ्चालन गर्छ । संगठनात्मक संस्कृति भनेको संगठनमा काम गर्ने मानिसको सामूहिक मूल्य, मान्यता, विश्वास, सोच र कार्यशैलीको समष्टि हो । संगठनमा काम गर्ने मानिसको संगठनप्रतिको साझा अवधारणा नै संगठनात्मक संस्कृति हो ।

देशको आन्तरिक वातावरण, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवेश, प्रशासकको सोच र दृष्टिकोण, नागरिक समाज र जनचेतना स्तर, अन्तर्राष्ट्रिय परिवेश, मुलुकका कार्यविधि र ऐन कानून, कर्मचारी उत्प्रेरणा र कामप्रतिको लगाव लगायतले कार्यसंसकृतिको प्रकार र प्रकृति निर्धारणमा प्रभाव पार्दछन् । सुशासनमा जोड, कर्मचारीमा निहित क्षमता र प्रतिभाको प्रयोग, प्रशासनिक कार्य प्रक्रियामा सरलीकरण नीति-नियममा स्थायित्व, प्रशासनमा राजनीतिकरणको अन्त्य, कर्मचारीको सिर्जनशीलताको कदर, प्रभावकारी अनुगमन मूल्यांकन र गुनासो व्यवस्थापन लगायतका उपायहरु अवलम्बन गर्ने हो भने कार्यसंस्कृतिको विकास हुन्छ र कार्यसंस्कृतिको विकासले नै मुलुकको विकासको ढोका खोल्ने हो । कामप्रतिको निष्ठाबाट असल कार्यसंस्कृतिको विकास हुने हो । जापान, अमेरिका, सिंगापुर लगायतका मुलुकहरु आजको अवस्थामा आउन कार्यकुशलता र कामप्रतिको समर्पणभावबाट निसृत कार्यसंस्कृतिको विकास भएको कुरा नेपालीहरुले पनि बुझ्न जरुरी छ ।

tirthakharel2028@gmail.com

# सम्बन्ध दाजुभाइको



दिपेन्द्र राउत

दाजुको आज फूलमाला भयो ! विवाह फागुनमा अरे भाइको मनमा खुशीको सीमा नरहन सक्छ । भाइको मनमा खुशी त थियो, तर मनमा चिन्ता बढेको महशुस मैले गरेँ । ला ! दाजुको विवाह ! भाउजु आउनु हुन्छ धेरै खुशी थोरै दुःख ! २५ वर्षदेखि दाजुभाइ सँगै सुतेको बालापनमा झगडा गरेको खाना खान बस्दा दाजुलाई मासुको छाला मन नपर्ने छाला मलाई मेरो भागमा हालिदिने, सिमीको सब्जी पकाउँदा सिमीको दाना मलाई मन नपर्ने दाजुको भागमा हाली दिने, दाजु-भाइ कयौं घण्टा सँगै खेलेको सम्झना अहिले पनि मेरो दिमागमा ताजै रहेको छ ।

दाजु-भाइको सम्बन्ध भनेको रामायणमा देखाए जस्तो राम लक्ष्मणको जस्तो हुनुपर्छ भन्ने मेरो सोचाई दिमागमा गढेको थियो । दाजुको विवाहमा म खुशी हुनुपर्ने कि दुःखी छु म मेरो मनलाई सोधिरहेको छु । म मस्तिस्कबाट सोची रहेको छु किन म दुःखी ? आखिर के हो दाजु-भाइको सम्बन्ध । यसो सोच्छु मनमा गुन्छु । सन्तानको नाममा हामी मात्र दुई दाजु-भाइ । हामी त दुई दाजु-भाइ, तर हाम्रो समाजमा हेर्ने हो भने कयौं यस्ता दाजु-भाइ छन् जसलाई हेर्दा दाजु-भाइ भन्न गर्व लाग्छ भने कयौं दाजु-भाइको सम्बन्ध शत्रुको सम्बन्धभन्दा बढी दुष्ट रहेको पाउन सकिन्छ । हरेक दाजुभाइको जन्मान्तर दुई तीन वर्ष फरक भएता पनि हेर्दा सँगैको लाग्ने हुन्छ । बालापनमा स्कूल सँगसँगै खेल्दा, सँगै हरेक क्रियाकलाप सँगसँगै गर्ने भएको हुँदा पनि दाजु-भाइको सम्बन्ध गाढा रहेको हुन्छ । कयौं बुबाआमालाई पनि गर्व लाग्छ मेरा दुईवटा छोरा छन् भनेर । हाम्रो समाजमा हेर्ने हो भने पहिलो सन्तान छोरा भएमा बाबुआमा दंग पर्ने अवस्था छ । अनि अर्को सन्तान जे भए पनि हुने छोरी भए राम्रो छोरा भए झन्, दुई भाइ भन्ने प्रचलन रहेको छ । समाजमा हेर्ने हो भने छोरीभन्दा छोरा जन्माउने इच्छा बढिरहेको छ ।

सानोछदा दुई दाजु-भाइ, बा-आमा पनि दंग आफन्त पनि दंग, दाजु-भाइको केही छिन झगडा, केही छिन मिलन यस्तै गर्दै दिनचर्या बितिरहेको हुन्छ । के दाजु-भाइको सम्बन्ध कालान्तरसम्म गाढा भएर रहेको छ त ? के दाजुभाइको सम्बन्ध विवाहपश्चात पनि हिजोको जस्तै छ त ? दाजु-भाइ एउटै बा-आमाका सन्तान भएर रहेका छन् त ? दाजुले भाइलाई, भाइले दाजुलाई गर्ने सम्मान, सहयोग गरेका छन् त ? यसको उत्तर हाम्रो समाज हेर्ने हो भने पाउन सकिन्छ । देख्न सकिन्छ । सानोछदा मिलेका दाजु-भाइ समय सँगै विचार, सोच परिवर्तन हुँदै आएको पाउन सकिन्छ । विवाह पश्चात भने झनै परिवर्तन भएको देख्ने गरेका छौं हाम्रो समाजमा । बाबुआमा सँगसँगै रहँदा दाजु-भाइको मेलमिलाप देखिन्छ भने बाबुआमाको मृत्युपश्चात त दाजु-भाइको सम्बन्ध शत्रुको भन्दा पनि नराम्रो भएको पाउने गरेका छौं । कारण के होला भनेर सोच्यो भने धनसम्पत्ति नै मुख्य कारण रहेको पाउने गर्छौं । हिजो दुःख-सुख सँगै भोगेको दाजु-भाइ आज आफूमात्र सुख भोग्न लालायित रहेको पाउन सक्छौं । दाजुले भाइलाई भाइले दाजुलाई कसरी पैत्रिक सम्पत्तिमा ठग्न पाइन्छ, कसरी आफूले बढी लिन सकिन्छ भन्ने सोच आजको समाजको दाजुभाइको बन्दै गएको छ । हरेक घरमा आफ्नै संस्कार हुन्छ , चालचलन हुन्छ त्यही संस्कारले नै परिवारलाई मर्यादित बनाएको हुन्छ । परिवार एकढिक्का बनाउनका लागि महिलाको खास भूमिका रहन्छ ।



विवाह पश्चात भने झनै महिलाको कारणले दाजु-भाइको सम्बन्ध बिग्रन सक्छ या राम्रो बन्न सक्छ । समाज आफन्त, दाजुभाइको सम्बन्धभन्दा पनि बढी पैसाको सम्बन्धलाई महत्व दिँदै आएको छ । आज म यो समाज हेर्दा अचम्म लाग्छ कि एउटा बाबु मेरो दुई भाइ छोरा भनेर गर्व गरिरहँदा दुईवटै सन्तानलाई समान हैसियतले लालनपालन गरिरहँदा दुई सन्तानपछि तिनै बाबुको सम्पत्तिमा लडाई गर्न बाध्य हुन्छन्, त्यो बाबुको सम्पत्ति आफूले बढी पाउनुपर्ने दाबी गरिरहेको हुन्छ । दाजुभाइ एकआपसमा मुद्दा-मामिलामा तल्लिन रहेका छन् । दाजुभाइको सम्बन्ध भनेको बाबुको सम्पत्ति खाने मात्र हो र ! आज तिनै बाबुआमा दाजु-भाइको सम्बन्ध देखेर वाक्क लाग्ने भएका छन् ।

हिजो एकै ठाउँमा राखेर हुर्काएका सन्तानले आज तिनै बाबुआमालाई बाँड्ने भएका छन् । बाबुआमाको सम्पत्तिको अंशवण्डा त गरे तर बाबुआमाको समेत अंशवण्डा गर्ने भएका छन् सन्तान । छोराछोरी हुर्काउन कुनै कसरत नछोडेका बाबुआमा आज तिनै सन्तानले बाबुआमालाई पालेको छु भनेको सुन्दा, बरु वृद्धाश्रममा गएर बस्न बाध्य भएका छन् । बाबुआमालाई भन्दा बढी महत्व सम्पत्तिलाई दिने आजका सन्तान देख्दा बाबुआमा विवश छन्, लाचार छन् । एउटै आमाको दूध चुसेका एउटै बाबुको काखमा हुर्किएका एउटै थालमा खाना खाएर बढेका दाजु-भाइको मानसपटल हेर्दा कुनै छोराले जीवनका धेरै सफलता हाँसिल गर्दछन् भने कुनै छोराले कम सफलता हाँसिल गरेका हुन्छन् । तर, पनि बाबुआमाका लागि सन्तान बराबरै हुन् भन्ने ठान्नु पर्छ ।

जीवन भनेको चक्र हो । दाजुभाइ भनेको शक्ति हो । त्यसैले दाजु-भाइको सम्बन्धलाई प्रगाढ बनाउनुपर्छ । साथ सहयोगको भावना हुनुपर्छ एकले अर्कालाई सम्मान र माया गर्नुपर्छ । सम्पत्तिसँग दाजु-भाइको सम्बन्ध तुलना नगरौं । सम्पत्ति भन्ने जीवनमा कमाए पनि नकमाए पनि दाजु-भाइको सम्बन्ध भनेको बाबुआमाले बनाएका हुन् । दाजु-भाइको सम्बन्ध भनेको बाबुआमाको विश्वास भरोसा र शक्ति हो त्यसैले यो सम्बन्धलाई जीवन्त राखौं । पद, प्रतिष्ठा र पावर जति नै उच्च भए पनि दाजु-भाइको सम्बन्ध भनेको दाजु-भाइ नै हो । दाजुले भाइलाई भाइले दाजुलाई गर्ने व्यवहारमा कहिलै फरक नल्याऔं आफ्नो योग्यता, धन, बुद्धि, सम्मान, शुद्ध चरित्र र परिवारप्रति दयाभाव बढाउनुपर्छ । दाजु-भाइको संयुक्त सोचले नै परिवारको संयुक्त रक्षा हुन्छ । संयुक्त ऊर्जाको जन्म हुन्छ । दुःख-कष्ट नष्ट हुन्छ ।



**मेहनतको फल :** झापा अर्जुनधारा-९ गोपालडाँडाकी कृषक टीकादेवी राई आफूले लगाएको तरकारी खेतीमा रमाउँदै । राई यस बर्ष सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट प्रोफेसर डा. मोहम्मद युनुस सहारा लघुवित्त पुरस्कारबाट ५१ हजार प्राप्त गर्ने कृषक हुन् । तस्वीर : विनोद पाण्डे/पूर्वाञ्चल

# हाते कागज उद्योगमा सफल नैनकला



झापाको बिर्तामोडकी एक महिलाले नेपाली हाते कागज उद्योग सञ्चालन गरेर मनग्गे आम्दानी गर्दै आएकी छिन् । बिर्तामोड नगरपालिका-३ बिर्ताबजार निवासी नैनकला चुडाल ढकालले नेपाली हाते कागज उद्योग सञ्चालन गरेर सफल महिला उद्यमीका रुपमा आफूलाई प्रस्तुत गरेकी हुन् ।

बिर्तामोड-३ उन्नति टोल (डोमालाल रंगशालारोड)मा विगत पाँच वर्षदेखि सञ्चालन हुँदै आएको ज्योति नेपाली हाते कागज उद्योगकी सञ्चालिका ढकालले २०४६ सालमा बिर्तामोड-१० बाट उक्त व्यवसाय शुरु गरेकी हुन् । विगत १९ वर्षदेखि निरन्तर पहाडी जिल्ला पाँचथर र ताप्लेजुङबाट लोक्ता र बाबियो ल्याएर परम्परागत रुपमा जापानी प्रविधिको नेपाली कागज उत्पादन गर्दै आएकी उनले मासिक ५० हजार बचाउने गरेको बताइन् । जाँगर, आत्मविश्वास र इच्छाशक्ति भए महिलाहरु पनि उद्योमी बनेर आत्मनिर्भर बन्नसक्ने बताउँदै उनले भनिन्-'मैले यही व्यवसायबाट आफू स्वरोजगार बनेर अरु दशजनालाई रोजगारी पनि दिएको छु, आफ्ना छोराछोरीलाई राम्रो शिक्षादीक्षा प्रदान गर्न सक्षम भएको छु ।'

महिला उद्यमी संघ, ढकाल बन्धु समाजलगात संघ-संस्थामा आबद्ध ५० वर्षीया नैनकलाका दुई छोराछोरी उच्च शिक्षा अध्ययनका क्रममा विदेशमा छन् । हाल उनको छोरा इन्जिनियरिङ विषयमा स्नातकोतर (मास्टर्स) र छोरी स्नातक तहमा अध्ययन गर्दैछन् । उनका बुबा भोलानाथ चुडालले ताप्लेजुङको फोक्लिङमा २०४७ सालमा हाते कागज बनाउने घरेलु उद्योग शुरु गरेको र आफूले बाबुको प्रेरणाबाटै यो व्यवसायमा हात हालेको बताइन् । जुन झापाकै पुरानो नेपाली कागज उद्योग भएको र आफ्नो बाबुको कामको सिको गरेर धेरैले यो व्यवसाय शुरु गरेको समेत उनले बताइन् ।

हाल नैनकलाका एकै परिवारका भाइबहिनी नवराज तथा अम्बिका लगायत चारजना छुट्टाछुट्टै यही पेशामा आबद्ध छन् । उनले जीवनमा उद्योग सञ्चालनका क्रममा उद्यमशील बन्दाको भिन्न अनुभूतिसँगै पति वियोगको बज्रपात पनि सहन गर्नु पर्‍यो । उनले भनिन्- 'व्यवसायिक कामकै सिलसिलमा उहाँ बित्नुभयो ।' पति इन्द्रप्रसाद ढकालको २०७० सालमा मोटरसाइकल दुर्घटनामा परी निधन भएपछि परिवारको पालनपोषण र शिक्षादिक्षाको सम्पूर्ण जिम्मेवारी आफूमाथि आइपरे पनि हरेश नखाई उद्योगमा निरन्तरता दिएको उनले बताइन् ।

पहाडी जिल्लामा पाइने लोक्ता र बाबियो पकाएर प्रशोधन गरी लेदो बनाएर नेपाली कागज उत्पादन गरिन्छ । हाते कागज भनिए पनि कम्प्युटर प्रिन्टमा उपयुक्त नेपाली कागज समेत यसरी बन्ने गरेको छ । आफूले उत्पादन गरेको कागजको बजार तथा व्यापारीसँगको सम्पर्क निश्चित भएकाले कागज बिक्रीका लागि समस्या नभए पनि प्रतिष्पर्धा बढेका कारण आपूर्ति बढी तथा माग कम हुँदा मूल्यमा केही कमी आएको र पहिले जस्तो सहज भने नभएको अनुभव उनले बताइन् । बिर्तामोड नगरपालिकाभित्र मात्र सात-आठ वटा यस्ता उद्योग सञ्चालनमा रहेका छन् । उनले उत्पादित सामग्री मध्ये केही स्थानीय व्यापारीले आफै आएर लैजाने र अरु बाँकी दमक, विराटनगर, वीरगञ्ज, जनकपुर लगायत स्थानहरुमा पठाउने गरेको बताइन् ।

नेपाली हाते कागज नेपालका सरकारी कार्यालयदेखि विदेशसम्म माग हुने गरेको यसैको मार्केटिङ गर्दै आएका बिर्तामोड-१० विराटपोखरका नवराज चुडाल बताउँछन् । झापामा तीन दर्जनको हाराहारीमा हाते कागज उद्योग सञ्चालनमा छन् । नेपाल बैंकबाट सहुलियत ब्याज दरमा कर्जाको केही सुविधा पाएको भए पनि कुनै सरकारी अनुदान अहिलेसम्म कसैबाट नलिएको उद्यमी ढकालको भनाइ छ । उच्च मनोबल तथा दृढ अठोटका साथ लगनशील भई निरन्तर लाग्ने हो भने स्वदेशमै कुनै पनि व्यवसायमा सफल बन्न सकिन्छ । कामप्रति उत्साही हुँदै उनले भनिन्- 'व्यवसाय शुरु गरेपछि घाटा भयो भनेर छोड्नु हुँदैन । विश्वासका साथ लगनशील भई निरन्तर लागीपर्नुपर्छ, लक्ष्य प्राप्त गर्न सकिन्छ । उनले दिगोरुपमा आफ्नो उद्योग व्यवसाय स्थापित हुन सकेकोमा आत्मसन्तुष्टि मिलेको बताइन् ।

**प्रस्तुती : रत्नबहादुर बस्नेत**

# जलकन्यादेवीको मन्दिर प्यागोडा शैलीमा निर्माण गरिने



**अर्जुनधारा, फागुन ४।** झापाको अर्जुनधारा-१० चुथाईस्थित जलकन्यादेवी मन्दिरको पुर्ननिर्माण गरिने भएको छ ।

जीर्ण अवस्थाको मन्दिर रहेको स्थानमा आकर्षक प्यागोडा शैलीको मन्दिर निर्माण गरिने मन्दिर व्यवस्थापन समितिका सचिव ओमप्रकाश भट्टराईले जानकारी दिए । 'प्यागोडा शैलीको मन्दिर कस्तो र कति तलाको बनाउने भन्ने विषयमा प्राविधिकहरुसँग छलफल भइरहेको छ' - उनले भने ।

अनुमानित २० लाख खर्च लाग्ने मन्दिर छ महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य समितिको रहेको छ । मन्दिर निर्माणका लागि आर्थिक स्रोत जुटाउन सम्बन्धित निकाय, विभिन्न संघ-संस्था र दाता महानुभावहरुसँग समन्वय गरिने बताइएको छ ।

यसैबीच समितिले हालै सम्पन्न संगीतमय शिव महापुराणको आयव्यय विवरण सार्वजनिक गरेको छ । महापुराण आयोजक समितिका संयोजक पदमलाल श्रेष्ठको अध्यक्षतामा भएको बैठकमा सचिव भट्टराईले महापुराणको आयव्यय विवरणसहितको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदन अनुसार जम्मा आय ११ लाख ९२ हजार, जम्मा खर्च चार लाख १४ हजार चार सय ३१ रुपैयाँ र जम्मा बचत सात लाख ७७ हजार पाँच सय ६९ रुपैयाँ रहेको बताइएको छ ।


**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

**उज्यालो यातायात प्रा.लि.**
९८६०३६२५३५
९८१४०८८५९६
बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउं जानको लागि सम्झनुहोस् ।

**पसल बिक्रीमा**
बिर्तामोड-५, कृषिथोक मोडमा रहेको चालू अवस्थाको फेन्सी पसल वा खाली सटर मात्र पनि तु-बिक्रीमा छ ।
सम्पर्क : ९८१०१३९६७५

**कोरियन भाषामा विशेष छुट**
दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै चैत १५ देखि Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला । Divine Int'l Acadamy (Dia)
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**कतै ग्याँस लिकेज भइरहेको छ कि तपाईंको किचेनमा ?**
'तपाईंले प्रयोग गरिरहेको ग्याँस पाईपको कुनै भर छैन म्याजिक अटो लकपाईप प्रयोग गरौं अब लिकेजको कुनै डर छैन ?'
८० प्रतिशत ग्याँस दुर्घटना हुनुको मुख्य कारण कमसल पाईप नै हुन् । मुसाले काट्ने तातो र चिसोले तन्कने फुट्ने छुट्नेले गर्दा ग्याँस लिक भई भयानक आगलागी तथा ग्याँस विस्फोटनले मानवीय तथा भौतिक क्षति निम्तने गर्दछ । तर, सुरक्षा जडित पाईपको प्रयोगले कुनै कारणबस लिक भएमा आफैं ग्याँस बन्द गर्ने हुँदा पूर्णरुपमा सुरक्षा प्रदान गर्दछ । ग्याँस दुर्घटना रोकथामको लागि अग्नि सेफ नेपाल प्रा.लि.ले नेपाली बजारमा पहिलो पटक Nano Technology जडित पाईप भित्र्याएको छ ।
आजै सम्पर्क गर्नुहोस् र प्रयोग गरी सुरक्षित हुनुहोस् ।
विशेषताहरु
- मुख्य लिकेज आफै बन्द हुने
- ५ बर्षसम्मको वारेन्टी
- सेटअप गर्न सजिलो
- ग्याँस खपतमा लगभग १५ प्रतिशत बचत हुने
- सुक्ष्म लिकेज तुरुन्तै चेक गर्न सकिने
- पाइप फुकाल्दा वा काटिदा ग्याँस सप्लाई अटोमेटिक बन्द हुने
- २५ लाखसम्मको इस्योरेन्स सेवा उपलब्ध रहेको
- मिति रहेरे सिलिन्डर प्रयोग गरौं
- पछाडिको नर्का र अगाडिको लेखाई १० वर्षको फरक हुन्छ ।
ग्याँस दुर्घटनाबाट बचौं दुर्घटनारहित जीवन जिऔं
आधिकारित बिक्रेता
खड्गप्रसाद ओडारी
बिर्तामोड-१, झापा (फोन: ९८५२६७२८२०, ९८१६९२६६९२)

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**
(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ Love Aaj kal
दोस्रो शो २:४५ Love Aaj kal
तेस्रो शो ६:४५ Love Aaj kal
(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ लभ डायरी
दोस्रो शो २:४५ लभ डायरी
तेस्रो शो ६:४५ लभ डायरी
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ
(फोन नं. ०२३-५४६४३६)

**Growel**
Best Feed For All Types of Fish
For Details Contact:
9801402968,
9801107907
High Quality- Better Growth More Profit
माछा दाना

**प्यारालाइसिसका बिरामीलाई खुशीको खबर**
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा उपचार
उपचार हुने समस्याहरु
- प्यारालाइसिस, शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको
- हाडजोर्नी तथा नशा रोग, कम्मर र गर्दन दुख्ने, नशा च्यापिएको, PIVD,शरीर झमझमाउने,
- घुडाजोर्नी दुख्ने,कुम जाम भएको, बाथ, युरिक एसिड
- पाइल्स, फिसर, फिस्टुला, ग्यास्ट्रीक, कब्जियत, दम, सुगर, प्रेसर, खोकी, पिनास
- थाइराइड, कोलेस्ट्रोल, मृगौलाको पत्थरी, छातीको दाग, माइग्रेन
- टाउको दुख्ने, प्रोस्टेट, डण्डीफोर, महिला तथा पुरुषका गुप्तरोग, दाद, एलर्जी आदि ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेसँगै, बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## वर्गीकृत विज्ञापन

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क: ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आयल पम्प भाडामा**
बिर्तामोडस्थित कञ्चनजंघा हस्पिटलसँग जोडिएको चालू अवस्थामा रहेको लक्ष्मी आयल पम्प (पेट्रोल पम्प) भाडामा छ । लिन चाहनु हुने महानुभावले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४४६८५१४१ (लक्ष्मीप्रसाद ओडारी)

**जग्गा बिक्रीमा**
बिर्तामोड बसपार्कबाट १ कि.मी. उत्तर ३२ फुटे बाटोबाट २ भीटाभित्र २० फुटे बाटोले छोएको नयाँ प्लटिङको छेउमा रहेको साढे ३ कठ्ठा आकर्षण जग्गा बिक्रीमा छ ।
सम्पर्क : ९८१८१७१९१२

**आवश्यकता**
सेक्युरिटी गार्ड:- ४० जना (महिला/पुरुष)
यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोन: ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**टाटा सुमो गाडी भाडामा चाहिएमा**
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९, ९८४१३२१४६४

**मेडिकल बिक्रीमा**
झापा बिर्ताबजारस्थित अति चालू अवस्थामा रहेको मेडिकल र ल्याब बिक्रीमा छ । लिन चाहनुहुने महानुभावले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८८७१३२६४०

**On Line Food Delivery**
बिर्तामोड मुक्तिचोकबाट ५ कि.मि. एरियाभित्र घर बसी-बसी खानाको आनन्द लिन मन भएमा हामीलाई सम्झनुहोस् । अनलाई वा फोनबाट अर्डर टिपाउन सकिनेछ ।
सम्पर्क: ९८०७९३९०९७/९८४८५३३१३८
फेसबुक पेज : Food station kankai road Birthamode

**घडेरी बिक्रीमा**
बिर्तामोड मुक्तिचोकबाट १५ किमी पश्चिम महेन्द्र राजमार्गबाट १५० मिटर दक्षिण निर्माणाधीन ४० फुटे पिचमा पूर्व ४० फिट पिच र उत्तर ५० फिटे बाटो भएको आवासीय क्षेत्रको घडेरी बिक्रीमा छ ।
सिधा सम्पर्क: ९८०७९६११५३

**आकर्षक जग्गा बिक्रीमा**
झापा सुरुङ्गास्थित जामुनखाडी जाने कालोपत्रे बाटोले छोएको ७ कठ्ठा आकर्षक जग्गा बिक्रीमा छ ।
सम्पर्क :
९८२४०४२२७१, ९८१६९९८६७७

**सेक्युरिटी गार्डको आवश्यकता**
पुरुष/महिला संख्या: २५
सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम
इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा
फोन: ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०, ९८०६०७५६७८

**कर्मचारी आवश्यकता**
मेनेजर : २ जना (३५ वर्ष माथिको अफिसको लागि)
बजार व्यवस्थापक : २ जना
(मेनेजर र व्यवस्थापकको लागि बाइक र लाइसेन्स भएको)
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउसकिपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनर: ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलाम: ०२७-५२०१४०/९८२६९२०००२

**घर बिक्रीमा**
अतिथि सदन पश्चिम वाल्मीकि बोर्डिङ पूर्वमा रहेको ३० फुट मुख र ७५ फिट लम्बाइमा बनेको ३ तले घर बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८१६०२४५७०, ९८४२७१३९९७




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अवसर प्राप्त भए पनि परिस्थिति त्यति सहज नरहला । सहयोगीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ । मेहनतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** काम सम्पादन भए पनि तत्काल आम्दानीको आशा नराख्नुहोला । बलभन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ । बोली-व्यवहारमा अलि सजग रहनुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ । नियमित काममा भने साबिकजस्तै फाइदा भइरहनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ । विवादास्पद जिम्मेवारी आउनाले सावधानीले मात्र कार्यसिद्धि हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** आफन्तसँगको भेटघाटले परिवेश उल्लासमय रहनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** पहिलेको सफलताले पनि नयाँ काम गर्न हौसला प्रदान गर्नेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ । दिगो योजनाका लागि ऋण लिने समय छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपरे पनि उपलब्धि हातपार्न सकिनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** शुभचिन्तकहरूको सहयोग प्राप्त हुनेछ । तर, सानो कामलाई अत्यधिक खर्च हुनेछ । बेसुरको निर्णयले पछिलाई समस्या पर्न सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** कर्मयोगबाट विशेष फाइदा हुनेछ । व्यापार बढ्नेछ भने साझेदारीबाट लाभ मिल्नेछ ।

# बडाललाई राष्ट्रिय व्यक्तित्व सम्मान

**झापा, फागुन ४।** नेपालको सहकारी अभियानका एक सिद्धहस्त अभियन्ता केशव बडाललाई सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था झापाले राष्ट्रिय व्यक्तित्व सम्मान तथा पुरस्कार प्रदान गर्ने भएको छ ।

संस्थाकोसञ्चालक समितिको बैठकले बडाललाई एक लाख रुपैयाँ राशिको राष्ट्रिय व्यक्तित्व सम्मान तथा पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । सहारा नेपालका कार्यकारी प्रमुख महेन्द्र गिरीका अनुसार यही चैत १५ गते संस्थाले आयोजना गर्ने रजत महोत्सव समारोहमा बडाललाई उक्त पुरस्कार तथा सम्मान प्रदान गरिनेछ ।

सहकारी अभियानका लागि प्रारम्भिक संस्थाहरुमध्ये सहाराले स्थापना गरेको उक्त पुरस्कार सर्वाधिक रहेको बताइएको छ । सहकारी तथा लघुवित्तका क्षेत्रमा काम गर्ने एक व्यक्तिलाई हरेक दुई वर्षमा प्रदान गर्ने गरी सहाराले स्थापना गरेको सो पुरस्कार दोस्रो पटक प्रदान गर्न लागेको हो ।

सहकारीका सबैजसो घटना र इतिहासका जानकार तथा सहकारीलाई किन अवलम्बन



गर्ने जस्ता विषयमा धाराप्रवाह विचार मन्थन गर्न सक्ने क्षमता भएका बडाललाई 'सहकारीका विश्वकोष' उपमाले पनि चिन्ने गरिन्छ ।

तीन दशकदेखि सहकारी अभियानमा होमिएका बडालले प्रतिनिधि सभाको सदस्य रहँदा 'सहकारी ऐन २०४८' र संविधान सभाको सदस्य तथा व्यवस्थापिका संसदको सदस्य रहँदा 'सहकारी ऐन २०७४' निर्माणमा नेतृत्वदायी एवम् निर्णायक भूमिका खेलेका थिए ।

नेपालको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तनमा उल्लेखनीय योगदान गर्ने अथक एवम् प्राज्ञिक अभियन्ता बडालले सहकारी क्षेत्रलाई नेपालको अर्थतन्त्रको एउटा खम्बाका रुपमा स्थापित गराउन महत्वपूर्ण भूमिका खेलेका छन् ।

समाजवाद उन्मुख लोकतान्त्रिक आर्थिक प्रणाली अवलम्बन गर्न प्रोत्साहित गर्दै राष्ट्रिय समृद्धिमा निरन्तर लागेका केशव बडाल सहकारी अभियानको छाता संस्था राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष हुन् । उनी २०६७ सालदेखि २०७६ पुससम्म महासंघको अध्यक्ष रहेका थिए ।

अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसिए)मा एशिया प्रशान्त क्षेत्रबाट सञ्चालक निर्वाचित भएर नेपालको सहकारी अभियानलाई अन्तर्राष्ट्रिय पहिचान दिलाउन बडालकै हात रहेको बताइएको छ ।

# फावा खोलामा विद्युत्का लागि सवाअर्ब लगानी




**बिर्तामोड, फागुन ४।** ताप्लेजुङको फावाखोलामा हाइड्रोपावर सञ्चालन गरिने भएको छ । ताप्लेजुङको सिरिजंगा र पाथीभरा याङवरक गाउँपालिकामा फावाखोला हाइड्रोपावर सञ्चालन गरिने भएको हो । जसका लागि झापा र ताप्लेजुङका व्यवसायीको समेत लगानी रहेको छ ।

युनिटेक हाइड्रोपावर कम्पनीले एक अर्ब २५ करोड पाँच लाख रुपैयाँ लगानी गर्दै ५.८ मेगावाट विद्युत् उत्पादन गर्ने गरी काम शुरु गरिएको झापाका व्यवसायी महेन्द्र प्रसाईले बताए । हाइड्रोमा व्यवसायी, डाक्टर, इञ्जिनियर लगायत प्रवासी नेपालीको पनि लगानी रहेको प्रसाइले जानकारी दिए ।

आयोजना अन्तर्गत हाल सात किलोमिटर सडक निर्माण, ११ केभी कन्सट्रक्सन पावर लाइन र जग्गा खरिद सम्पन्न भइ हेडवर्क्स, पाइप लाइन र ३३ केभी प्रसारणलाइन निर्माण भइरहेको प्रवर्द्धक कम्पनी युनिटेकका अध्यक्ष नरेन्द्र मैनालीले जानकारी दिए । आयोजनाबाट २०७८ साउन १६ गतेभित्र बिजुली उत्पादन गरी राष्ट्रिय प्रसारणमा जोड्ने लक्ष्य लिइएको प्रसाइको भनाई छ ।

यसैबीच युनिटेक कम्पनीले निर्माण गर्न लागेको माथिल्लो फावाखोला जलविद्युत् आयोजनामा माछापुच्छ्रे बैंकको अगुवाइमा तीन वित्तीय संस्थाले लगानी गरेका छन् । आयोजामा माछापुच्छ्रे बैंकको अगुवाइमा गुह्येश्वरी मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स र आइसिएफसी फाइनान्सले ८० करोड लगानी गरेका हुन् ।

तीन वित्तीय संस्था र प्रवर्द्धक कम्पनी युनिटेकका प्रतिनिधिबीच लगानी सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । सम्झौतापत्रमा वित्तीय संस्थाका तर्फबाट माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुमन शर्मा र कम्पनीका तर्फबाट युनिटेकका अध्यक्ष मैनालीले हस्ताक्षर गरेका छन् । आयोजनामा माछापुच्छ्रे बैंकको ४० तथा गुह्येश्वरी र आइसिएफसीको २०-२० करोड लगानी रहनेछ । बाँकी ४४ करोड ५ लाख रकम भने सेयरधनीको तर्फबाट लगानी हुनेछ ।

आयोजनामा २६ सय लिटर प्रतिसेकेन्ड पानीको बहावव फर्काएर करिब ४.५ किलोमिटर लामो पाइममार्फत दुई सय ७१ मिटरको हेड माथिबाट खसालेर सतही पावर हाउस रहने गरी निर्माण संरचना तयार गरिने कम्पनीले जनाएको छ । विद्युत गृहमा दुईवटा पेल्टन टर्वाइन जडान हुनेछन् । उत्पादित बिजुली आठ किमी लामो ३३ केभीको प्रसारणलाइनबाट पाँचथरको अमरपुरमा रहेको नेपाल विद्युत् प्राधिकरणको १३२ केभी काबेली सबस्टेसनको राष्ट्रिय प्रसारणलाइनमा जोडिनेछ ।

# अनारमनी पब्लिक क्याम्पसमा आगलागी

**झापा, फागुन ४।** झापाको बिर्तामोड-३ स्थित अनारमनी पब्लिक क्याम्पसमा आगलागी हुँदा चार लाखभन्दा बढीको क्षति भएको छ ।

बिद्युत् सर्ट भएर आगलागी हुँदा तीन थान कम्प्युटर, प्रिन्टर एक थान, टेलिफोन एक सेट, पुस्तक र्‍याक एक थान, टेबल कुर्सी पाँच थान, प्लाष्टिकको कुर्सी १० थान, सिलिङ फ्यान दुई थान, एक सय ३० थान पुस्तक, खेल सामग्री र महत्वपूर्ण कागज पत्रहरु जलेर नष्ट भएको क्याम्पस प्रमुख मोहन शिवाकोटीले जानकारी दिए ।

आगलागीबाट चार लाख ६७ हजार छ सय मूल्य बराबरको क्षति भएको बताइएको छ । आगलागी शुक्रबार दिउँसो दुई बजेबाट शुरु भएको थियो । आगो बिर्तामोड नगरपालिकाको दमकलले करिब दुई घण्टापछि नियन्त्रणमा लिएको बताइएको छ ।



# बुद्धस्मृतिको बार्षिकोत्सव



तस्वीर : विजय बराल

**बिर्तामोड, फागुन ४।** झापाको बिर्तामोड-१मा रहेको बुद्धस्मृति एजुकेशन फाउण्डेशनमा अध्ययनरत् विद्यार्थीले आफ्नो कलात्मक प्रस्तुतिद्वारा अभिभावकको मन जितेका छन् ।

विद्यालयको २४औं वार्षिकोत्सवमा आयोजित साँस्कृतिक कार्यक्रममा विद्यार्थीले विभिन्न धार्मिक, साँस्कृतिक, आधुनिक नृत्यका माध्यमद्वारा अभिभावकको मन जितेका हुन् । जय जगदिस हरे.. भन्ने आरतीद्वारा शुभारम्भ गरिएको कार्यक्रममा विद्यार्थीले राष्ट्रिय गीतमा नृत्य गरेर अतिथि, अभिभावक र दर्शकलाई स्वागत गरेका थिए ।

कार्यक्रममा नर्सरी, एलकेजी, युकेजीमा अध्ययनरत् विद्यार्थीले राइम्स, गीत प्रस्तुत गरेर अभिभावकको मन जितेका थिए भने अन्य विद्यार्थीले मारुनी नृत्य, नेवारी नृत्य, संगीनी नृत्य, कौडा नृत्य प्रस्तुत गरेका थिए । त्यस्तै विद्यार्थीले स्वदेश गीत, नाटक प्रस्तुत गरेर अभिभावकको मन जितेका थिए । विद्यालयकी संस्थापिका कमला विमली पाठकको अध्यक्षता तथा निजी तथा आवासीय विद्यालय अर्गनाईजेशन (प्याव्सन)का केन्द्रीय उपाध्यक्ष नारायणप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालयका भाइस प्रिन्सिपल अर्जुन पाठकले स्वागत गरेका थिए ।

कार्यक्रममा पत्रकारिताको माध्यमद्वारा विद्यालयको शैक्षिक उन्नयनमा योगदान पुर्‍याएको भन्दै पूर्वाञ्चल दैनिकका उपसम्पादक तुलसीप्रसाद निरौलालाई सम्मान गरिएको थियो भने विद्यालयमा लामोसमयदेखि कार्यरत भई हाल स्वेच्छिक अवकास लिएकी शिक्षक गिता प्रसाईंलाई सम्मान गरिएको थियो ।

विद्यालयका संस्थापक प्रिन्सिपल हरिकृष्ण पाठकले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा निजी तथा आवासिय विद्यालय अर्गनाइजेशन (प्याव्सन)का प्रदेश नं. १का उपाध्यक्ष मिलनकुमार ढुंगाना, विर्तामोड नगरपालिका वडा नं. १का वडासदस्य प्रेमकुमार खरेललगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन शिक्षक इनिसा पाठक र विद्यार्थीहरु विनिता सुजी, अंकिता खड्का, पवन कोइराला, स्नेहा न्यौपाने, सृजना मण्डल , एलिसा वस्नेत, असिम पाठक, विनिसा सेलिङलगायतले गरेका थिए ।

# एभरेष्ट कप फुटबलको तयारी

**बिर्तामोड, फागुन ४।** एभरेष्ट स्मार्ट एजुकेशन एकेडेमीको आयोजनामा तेश्रो एभरेष्ट कप अन्तरविद्यालय फुटवल प्रतियोगिताको तयारी गरिएको छ ।

आगामी फागुन ६ गतेदेखि शुरु हुने उक्त प्रतियोगितामा १८ वटा विद्यालयका खेलाडीहरुको सहभागिता रहने न्यूटन्स स्मार्ट एजुकेशन एकेडेमीका म्यानेजिङ डाइरेक्टर आशिष प्रसाईंले बताए ।

खेलको उद्घाटन झापा फुटबल संघका अध्यक्ष भगिरथ आलेमगरले गर्ने उनले बताए । उक्त प्रतियोगिताको विजेता तथा उपविजेता विद्यालयलाई ट्रफी मेडल तथा प्रमाणपत्र प्रदान गरिने बताउँदै उनले



फोटोः फायल

एजुकेशन फाउण्डेशनका निमित्त प्रिन्सिपल देवेन्द्र हुमागाँईले जानकारी दिए । उनले २०७४ सालदेखि प्रतियोगिता शुरु गरेको बताउँदै उक्त प्रतियोगितालाई आगामी दिनमा पनि निरन्तरता दिइने बताए । विद्यालयको खेल मैदानमा उक्त प्रतियोगिता हुने उनले बताए ।

मोफसलमा रहेका निजी विद्यालयहरुको एकअर्काप्रति सामिप्यता बढाउने साथै विद्यार्थीहरुलाई खेलकुदमा प्रोत्साहन दिँदै दक्ष खेलाडी उत्पादन गर्ने उदेश्यले फुटबल प्रतियोगिताको आयोजना गरिएको एभरेष्ट खेल अवधिभर सर्वाधिक गोल गर्ने खेलाडीलाई 'गोल्डेन बुट' प्रदान गरिने जानकारी दिए ।

हरेक खेलमा 'म्यान अफ द म्याच' को पुरस्कार प्रदान गरिने बताउँदै उनले बेष्ट डिफेन्स अफ द टुर्नामेन्ट, बेष्ट गोलकिपर अफ द टुर्नामेन्ट', 'बेष्ट स्ट्राइकर अफ द टुर्नामेन्ट', 'राइजिङ स्टार अफ द टुर्नामेन्ट', 'बेष्ट मिडफिल्डर अफ द टुर्नामेन्ट', 'बेष्ट फरवार्ड अफ द टुर्नामेन्ट', 'बेष्ट कोच' तथा 'बेष्ट म्यानेजर' लाई समेत पुरस्कार प्रदान गरिने जानकारी दिए ।

# निर्मल राई तेस्रो झापा जिल्लास्तरीय अन्तर भलिबल

**काँकरभिट्टा, फागुन ४।** झापाको काँकरभिट्टामा जिल्ला स्तरीय अन्तर माबि भलिवल प्रतियोगिता सञ्चालन हुने भएको छ ।

मेचीनगर-६ काँकरभिट्टास्थित अरुणोदय आवासीय माध्यमिक बिद्यालयको आयोजनामा सो प्रतियोगिता सञ्चालन हुन लागेको हो । प्रतियोगिता फागुन ७ गतेदेखि ९ गतेसम्म सञ्चालन हुने बिद्यालय परिसरमा आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ ।

बिगतका २ वटा संस्करण मेचीनगर भित्रका बिद्यालयहरुबीचमा आयोजना गरिएकोमा यो बर्षबाट तेस्रो संस्करण जिल्ला स्तरीय रुपमा आयोजना गरिएको बिद्यालयका ब्यवस्थापन समिति अध्यक्ष भगिरथ राईले जानकारी दिए ।

उनका अनुसार बिद्यालयस्तरबाट राष्ट्रिय खेलाडी उत्पादन गर्न, सामुदायिक बिद्यालय र निजी बिद्यालयबीचको दुरी कम गर्न यसबर्षदेखि जिल्ला स्तरीय बनाएको उनले जानकारी दिए ।

बि.स. २०७४ सालदेखि यो प्रतियोगिता बिद्यालयले सञ्चालन गर्दै आएको छ । पहिलो र दोस्रो संस्करण मेचीनगर भरीका बिद्यालयहरुबीचमा सञ्चालन गरिएकोमा तेस्रो संस्करणमा भने जिल्लाभरबाट मेचीनगरभित्रका १६ वटा बिद्यालय र मेचीनगर बाहिरका ७ गरी जम्मा २३ बिद्यालयहरुको सहभागिता रहने खेल संयोजक राजकुमार विश्वकर्माले जानकारी दिए । प्रतियोगितामा सामुदायिक र निजी बिद्यालयका कक्षा १० सम्मका २३० जना बिद्यार्थीको प्रत्यक्ष सहभागिता रहने संयोजक बिश्वकर्माले बताए ।

खेल संयोजक बिश्वकर्माका अनुसार २३ वटा टिमको सहभागितामा सञ्चालन हुने प्रतियोगितालाई ३ दिनभित्रमा सम्पन्न गर्न केही खेलहरु रात्रीकालीन समयमा समेत सञ्चालन गर्ने तयारी भइरहेको बताए । प्रतियोगिताको उद्घाटन प्रमुख अतिथि मेचीनगर खेलकुद बिकास समिति संयोजक नवीन बरालले गर्ने र समापन जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेलले गर्ने तयारी भएको समेत पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

प्रतियोगिताको बिजेता टिमलाई नगद २० हजार, ट्रफी मेडल र प्रमाण-पत्र त्यस्तै उपबिजेता टिमलाई नगद १० हजार ट्रफी मेडल र प्रमाण-पत्र प्रदान गरिने प्रधानाध्यापक दुर्गाबहादुर लुइँटेलले जानकारी दिए । प्रतियोगिताको सर्वोत्कृष्ट एक जना खेलाडीलाई नगद २ हजारसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ । त्यस्तै थप ४ जना उत्कृष्ट खेलाडीतर्फ बेष्ट स्पाईकर, डिफेण्डर, सरबर र लिफ्टरलाई ट्रफी मेडल र प्रमाण पत्र प्रदान गरिने प्रधानाध्यापक लुइँटेलले जानकारी दिए ।

शिक्षक पर्शुराम रिजालले स्वागत गरेको कार्यक्रमको अध्यक्षता व्यवस्थापन समिति अध्यक्ष राईले गरेका थिए भने सञ्चालन सहायक प्रिन्सिपल जीआर धितालले गरेका थिए ।



## सेक्यूरिटी गार्ड आवश्यकता

झापाको झिलझिले, दमक, बिर्तामोड, काँकरभिट्टा एरियाका लागि २० जना महिला तथा पुरुष सेक्युरिटी गार्ड चाहियो । भूपू प्रहरी तथा सेनालाई ग्राह्यता ।
**तलब : आपसी समझदारीमा**
*भरपर्दो सुरक्षा गार्ड सेवाका लागि सेक्टर वान सेक्युरिटी सर्भिस, बिर्तामोड झापालाई सम्झनुहोस् ।*
सम्पर्कः ९८२४९८२२९६, ९८२३७३८६७१
(Email: kvvservices@gmail.com)

## तुरुन्त आवश्यकता

विभिन्न स्थानहरुमा काम गर्नेहरुका लागि सुवर्ण अवसर
योग्यता : SLC, SEE, +2
**Citizen Life Insurance Company**
Chandargadhi Branch
023-455230, 9852621986

## जग्गा बिक्रीमा




बिर्तामोडस्थित बसपार्क प्रवेश गर्ने मुलबाटोमा छोएको, पूर्वी ३६ फिट मोहोडा भएको, राजमार्गबाट १०० मिटरभित्र पर्ने व्यापारिक प्रयोजनको निमित्त उपयोगी १ कठ्ठा (२० धुर) जग्गा बिक्रीमा छ ।
**सिधा सम्पर्क**
९८०४९९९७६६

## सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
बिर्तामोड, झापा
सम्पर्क **राजकुमार श्रेष्ठ**
९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८५२६४६००५

## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

### बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- बढ्दो ध्वनी प्रदुषण कम गर्नका लागि नगर क्षेत्रमा माइकिङ मार्फत् विज्ञापन र सूचना प्रशारण नगरौं ।
- सामाजिक, धार्मिक तथा सांस्कृतिक लगायतका बिभिन्न कार्यक्रम सञ्चालन गर्दा ध्वनी ठूलो हुने गरी प्रशारण नगरौं ।
- यस प्रकारका कार्यक्रमहरु राति १० बजेपछि सञ्चालन गर्न पाइने छैन ।
- नगर क्षेत्रका मुख्य सडकहरुमा आफू खुशी स्वागतद्वार नबनाऔं । सो का लागि नगरपालिकाको अनिवार्य स्वीकृती लिऔं ।
- सडकको सीमाभित्र कुनै पनि कार्यक्रम सञ्चालन नगरौं र सञ्चालन गर्नुपर्ने अवस्था रहेमा सम्बन्धित निकायबाट अनिवार्य स्वीकृति लिऔं ।

## UAE को राजधानी अबुधावीका लागि नेपाली ट्याक्सी ड्राइभरहरूलाई रोजगारको सुवर्ण अवसर

**नेपाली लाइसेन्स हुनेलाई युएईको लाइसेन्स ग्यारेन्टी गरिनेछ ।**

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Helper | ८० | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

नोटः युएईको No 1 CARS TAXI L.L.C. ABUDHABI कम्पनीको लागि १०० जना नेपाली ट्याक्सी ड्राइभरहरुको माग भई आएको छ । तलब ८०० बेसिक+ ४०प्रतिशत कमिशन गरी ४७००DHS सम्म कमाइ गर्न सकिने हुँदा जान इच्छुकले तु–सम्पर्क गर्नुहोला । उमेरको हकमा २१ वर्षदेखि माथि ४५ वर्षसम्मको हुनुपर्नेछ । अंग्रेजी सामान्य लेख्न, बोल्न सक्ने हुनुपर्नेछ ।

**फाइनल अन्तरवार्ता फागुन १३ गते मंगलवार बिर्तामोडमा हुनेछ ।**

श्रम इजाजत नं. ३९६/०६०/०६१
**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)



**अनेकताबीचको एकता** : 'वाल्मीकि स्पोर्टस् मिट' को सन्दर्भमा फागुन ३ गते आयोजित कार्यक्रममा अनेक जातजातिको संस्कृति प्रस्तुत गरेका विद्यार्थीहरुको नृत्यले दर्शकको मन जितेको थियो । *तस्वीरः पुष्कर कार्की, सिद्धार्थ फोटो*

# नक्कली परीक्षार्थीमार्फत कोरिया गएका नेपाली पक्राउ

□ युद्धबहादुर बोहोरा

**इलाम, फागुन ४।** पछिल्लो समय वैदेशिक रोजगारीको आकर्षक गन्तव्य बन्दै गरेको दक्षिण कोरियामा नक्कली परीक्षार्थी मार्फत (इपिएस)भाषा परीक्षा पास गरी त्यहाँ पुगेका नेपालीलाई कोरियाली सरकारले पक्राउ गर्न थालेको छ ।

हालसम्म एक सय जनाभन्दा बढी नेपाली पक्राउ गरी आवश्यक अनुसन्धान गरिरहेको कोरियाली अध्यागमन कार्यालयले जनाएको छ । दक्षिण कोरियामा काम गर्न कठिन भएता पनि सोचे जस्तो आर्थिक उन्नति हुने भन्दै देशभरका युवायुवती कोरिया जाने होडबाजीमा जुर्मुराए सँगै यो प्रक्रियाबाट जान खोज्नेहरु निराश बन्दै गएका छन् ।

आफ्नो थोरै अनुभव भएकाहरु पास भएको खण्डमा मोटो रकम दिने शर्तमा



अनुहार मिल्ने व्यक्तिलाई परीक्षा लेखाएर धेरै जना कोरिया जाने गरेको सूचनाको आधारमा अध्यागमन विभागले यस्तो अभियान शुरु गरेको बताइएको छ । अहिले त्यहाँ पुगेका नेपाली मात्रै होइन यस प्रक्रियाबाट जाने तयारी भएका समेत अफठ्यारोमा परेका छन् ।

तीन वर्ष पहिला कोरिया पुगेका नेपालीदेखि भर्खरै तीन महिनाअघि गएका पूर्वी नेपालका ताप्लेजुङ, पाँचथर तथा पश्चिम म्याग्दी लगायतका जिल्लाबाट जानेहरु पक्राउ परेको प्रवासी श्रमिक संगठन(एमटियु) का अध्यक्ष उदय राईले जानकारी दिए ।

कोरियाको आन्तरिक सुरक्षामा खतरा पुग्ने सम्भावना रहेको उल्लेख गर्दै यस किसिमको गतिविधिमा संलग्न व्यक्तिहरुलाई नेपाल पठाउने मात्रै नभई विभिन्न सुरक्षा सम्बन्धी मुद्दा चलाई अनुसन्धान अगाडि बढाएको अध्यागमन कार्यालयले जनाएको छ ।

यसरी पक्राउ पर्ने कतिपयलाई अदालती प्रक्रिया बढाएर छ महिनासम्म थुनामा राखेको उनले बताए । उनले यस पद्धतिबाट कोरिया जाने धेरै नेपाली आर्थिक र मानसिक दुवै पक्षमा पीडित भएको पाइएकोले यसो नगर्न आग्रह गरेका छन् ।

# स्वस्थानीको पाना च्यात्दैमा समस्या सकिँदैन



**रञ्जु प्याकुरेल बराल**

*माननीय यसोदा सुवेदीज्यू,*

संसदमा तपाईको प्रस्तुति हेर्ने मौका मिल्यो । कतिपय परम्परा गलत लाग्छन्, जो समाज र मानवीय हितका लागि उपयुक्त छैनन् । त्यस्ता अन्धविश्वासहरुलाई तोड्दै जानु पर्छ । तर, कसरी ? भन्ने प्रश्न खडा हुन्छ ।

हजारौं मान्छे मार्ने काममा खटिएकी, वर्षौंदेखि राजनीति गर्दै आएकी, पश्चिमतिरैकी चेली अझ भनुँ प्रभावशाली कम्युनिस्ट नेता देव गुरुङकी श्रीमती जस्ती ब्यक्तित्वले अझै समाज र त्यसलाई रुपान्तरण गर्ने शैली नबुझेकी देख्दा छाउपडी प्रथा मान्दै आएका सुदुरपश्चिमी जनतामा चेतना आउन कति समय लाग्ला भनेर अनुमान लगाउन असहज भएन । एक महिना आन्दोलन गरेर मध्यरातमा राजाले राष्ट्रका नाममा सम्बोधन गरेपछि फेरिएको राजनीतिक अवस्था, शब्द वाक्य मिलाएर भाषण गर्दै जितेको चुनाव र गुरुङसँग विवाह गरेर ब्राम्हणकी छोरी जनजाति भएर समानुपातिकमा सांसद भए जस्तो सहज हुँदैन समाज परिवर्तन गर्न । राजनीतिक परिवर्तन खरायोको गतिमा हुन सक्छ, तर सांस्कृतिक परिवर्तन कछुवाको गतिमा हुन्छ ।

चन्द्र शम्शेरले छुवाछुत प्रथाको अन्त्य गर्न शुरु गरेको अभियान आज पनि पूरा भएको छैन । जुन कुरा परिवर्तन गर्न चाहेको हो त्यसको पहिला गहिरो अध्ययन गर्नुपर्छ । बर्षौंदेखि राजनीतिमा लागेकी मान्छे अध्ययन चाहिँ लाल किताबको मात्र गरे जस्तो लाग्यो । त्यसको साथसाथै श्री स्वास्थानी माताको किताब अध्ययन गरेको भए समाज बुझ्न सजिलो हुन्थ्यो । स्वस्थानी माताको किताबमा विदेशीहरुले अध्ययन गरेर विद्यावारिधी समेत गरिसकेका छन् । यसलाई उत्कृष्ट भनिसकेका छन् । मलाइ त लाग्थ्यो १० बर्षे जनयुद्धले सामाजिक रुपान्तरणमा केही फड्को मारेको छ । तर, त्यसले तपाईं जस्ता आगो उगेल्ने मेशिनहरु मात्र उत्पादन गरेछ । जनभावना अनुरुप चल्न सक्ने नेता उत्पादन गरेनछ ।

करोडौं हिन्दू धर्मावलम्बीहरुको आस्थाको प्रतिक स्वस्थानीको अपमान गर्नु भनेको सामान्य कुरा होइन । अन्धविश्वास मान्नुपर्छ भन्ने मेरो अभिप्राय होइन, तर यसलाई परिवर्तन गर्ने तरिकाको बिरोध हो । यसका सकारात्मक पक्ष पनि त छन् । त्यसैका सकारात्मक पक्षमा टेकेर नकारात्मक पक्षको सुधार गर्न सक्नु पर्छ । मैले पनि पढेकी छु स्वस्थानीको कथा तर त्यहाँ कतै रजस्वला भएकी



स्त्रीलाई बारीको डिलमा लगेर झुप्रो बनाइराख्नु भनेको कतै पाइएन । रह्यो ऋषिपञ्चमीको कुरा त्यसले त्यही समयलाई ध्यानमा राखेर केही नियम बनाएको छ । त्यसलाई समयसापेक्ष परिवर्तन गर्न गराउन नसक्नु तोलाको जिब्रो मात्र फड्को मार्ने नेतृत्वको कमजोरी हो

छाउपडी प्रथा कहिले र कसरी शुरु भयो होला भन्ने खोज गरौ न । हुन सक्छ आदिम युगमा सभ्यताको शुरुवात नहुँदै अर्थात् शिकार गरेर खानेयुगमा रजस्वला भएकी महिलाहरुलाई त्यो रगतको गन्धले गर्दा हिंश्रक जंगली जनावरले आक्रमण गरे होलान् । त्यसपछि उनीहरुको सुरक्षाको लागि रुखका हाँगा र पातले बेरेर छोपेर राख्ने चलन चल्यो होला । घर बनाएर बस्ने सभ्यताको शुरुवात सायद त्यही थियो कि ? आजसम्म पनि त्यो जंगली युगबाट आधुनिक सभ्यतामा ल्याउन नसक्नु त्यहाँका जनताको पछौटेपन, गरिबी र अशिक्षालाई भजाएर मन्त्री प्रधानमन्त्री बन्नेहरु कति उत्तरदायी बन्न सक्छन् ? छाउगोठ भत्काउँदैमा स्वस्थानी किताबका पाना च्यात्दैमा छाउप्रथाको अन्त्य होला र ? यो प्रथाको अन्त्य भयो भने तपाईं र तपाई जस्ता कैयौंले कुन विषयमा राजनीति गर्नु एनजीओ र आइएनजीओसँग मिलेर डलरको खेती कसरी गर्नु भन्ने प्रश्न तेर्सिन सक्छ ।

माननीयज्यू, सकारात्मक सोच राखेर काम गर्नुहोस् सफलता मिल्नेछ । रजस्वला भएका बेला खाना पकाउन हुन्न, पानी छुन हुन्न, पूजा गर्न हुन्न, पति सँग एउटै ओछ्यान गर्न हुन्न र कुनै पुरुषलाई छुन हुन्न भन्ने जस्ता मान्यताले गर्दा नै यो प्रथाको अन्त्य नभएको भन्ने बुझाइ राख्नुभएको छ भने यसरी बुझाउनुहोस् । जुनबेला यो मान्यता स्थापित भयो त्यो बेला खाना बनाउनु भनेको आहारा खोज्नु समेत पर्दथ्यो होला । पानी छुन नहुनुले टाढाबाट पानीको भारी बोकेर ल्याउने अर्थात् पानीको श्रोत नदी तलाउ मात्र पर्दथे । पानीमा रगत चुहिन्छ भनेर पनि यस्तो मान्यताको बिकास भएको हुनुपर्छ । पतिसँग एक ओछ्यान हुन नहुने कुरा तपाईले बुझ्नु भएकै छ ।

पुरुषलाई छुन नहुने कुराले महिलाहरुलाई सुरक्षित बनाएको छ । मसिनो ढंगले बुझाउँदै लगे गलत मूल्य र मान्यतामा पनि परिवर्तन ल्याउन सकिन्छ । किताबका पाना च्यात्दैमा छाउपडी प्रथाको अन्त्य हुने भए सबैले साथ दिन्थे, तर त्यसो हुँदैन । बरु त्यो गफाडीहरुको गफ गर्ने अखडा छाडेर गाउँ पस्नुहोस् (बन्दुक नबोकी) सकारात्मक सोच लिएर जनचेतना जगाउनुहोस् । श्री स्वस्थानी किताबका पाना च्यात्नु पर्दैन । कसैको आस्थालाई चोट पुर्‍याउनु पर्दैन । श्री स्वस्थानी माता कि जय !


'इन्द्रै विन्ती गरून् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो'

# हार्दिक श्रद्धाञ्जलि/समवेदना

श्री भगवत भक्ति आश्रम तथा देवर्षी संस्कृत विद्यालयका संस्थापक तथा संरक्षक अध्यक्ष **पं. तोयानाथ रिमाल**को यही मिति २०७६ माघ २६ गते आइतवारका दिन भएको असामयिक एवम् दुःखद् निधनको खबरले हामी भगवत भक्ति आश्रम परिवार साथै देवर्षी टोलबासी अत्यन्त स्तब्ध एवम् मर्माहत भएका छौं। दुःखको यस घडीमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।

साथै शोकको पीडादायी क्षणमा रहनुभएका छोराबुहारी यादव-हिमा, बसन्त-पूजा, छोरी/ज्वाइँ टिका-टंक न्यौपाने, मेनुका-रामचन्द्र पौडेल, योगाकुमारी-राजु पराजुलीसहित ६ नाति, ४ नातिनी बुहारी, ११ नातिनी, १० नातिनी ज्वाइँ, २ पनाति, १ पनातिनी बुहारी तथा १ जनातिनीसहित सम्पूर्ण रिमाल परिवारमाशोक सहन गर्ने शक्ति मिलोस् भन्दै गहिरो समवेदना प्रकट गर्दछौं।



**स्व. पं. तोयानाथ रिमाल**
**जन्मः १९९० चैत २० गते**
**निधनः २०७६ माघ २६ गते**

**श्री भगवत भक्ति आश्रम तथा देवर्षी संस्कृत विद्यालय परिवार**, अर्जुनधारा-९, झापा